नेपाल बीमा प्राधिकरणको द्वैमासिक प्रकाशन

# बीमा समाचार

वर्ष ३ अङ्क २ २०८० कात्तिक
(October-November, 2023)

## मर्जर भएका बीमकहरुसँग छलफल एवम् अन्तर्क्रिया

### बीमा व्यवसायलाई स्वच्छ, स्थीर, दिगो र नाफामूलक बनाउनुपर्छ : अध्यक्ष सिलवाल

नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले काठमाडौं उपत्यकामा मात्र केन्द्रित नभई सबै प्रदेश र स्थानीय तहहरूसम्म पुगेर बीमा व्यवसाय विस्तार गर्न बीमा कम्पनीहरूलाई निर्देशन दिनुभएको छ ।

नेपाल बीमा प्राधिकरणद्वारा यही २०८० साल कात्तिक १५ गते काठमाडौंमा आयोजित 'मर्जर भएका बीमा कम्पनीहरूका संचालक समितिका अध्यक्ष तथा प्रमुख कार्यकारी अधिकृतहरूसँगको छलफल एवम् अन्तर्क्रिया कार्यक्रम' लाई सम्बोधन गर्नुहुँदै अध्यक्ष सिलवालले पूँजीको अधिकतम् सदुपयोग हुनेगरी अघि बढ्न निर्देशन दिनुभयो ।

अध्यक्ष सिलवालले भन्नुभयो, "बीमा कम्पनीहरूको आफ्नैखालको व्यवसायिक रणनीति हुनुपर्छ, बीमा व्यवसायलाई स्वच्छ, स्थीर, दिगो र नाफामूलक बनाउनुपर्छ, बीमा गर्न नागरिकहरु बीमा कम्पनी खोज्दै आउने नभई कम्पनीहरु नै नागरिककोमा जानुपर्छ, कम्पनीहरु व्यवसायिक किसिमले अघि बढ्नुपर्छ ।"

"मर्जर भएका बीमा कम्पनीहरूको जोखिम बहन गर्ने क्षमता बढेको छ, लगानीका लागि पूँजी पर्याप्त भएको छ, मर्जरबाट बीमा क्षेत्रमा सकारात्मक प्रभाव परेको छ" उहाँले भन्नुभयो ।

बीमा कम्पनीहरूमा रहेको रकम नागरिकको भएकाले बीमा कम्पनीहरु नागरिकहरु प्रति जवाफदेही हुनुपर्ने उल्लेख गर्नुहुँदै अध्यक्ष सिलवालले भन्नुभयो, "बीमा कम्पनीहरूले परम्परागत बीमालेख मात्र बिक्री गरेर हुँदैन, बीमालेखलाई भूगोल र बजारले खोजे अनुरूप परिमार्जन गर्नुपर्छ, राष्ट्र निर्माणमा योगदान पुग्ने गरी लगानी निर्देशिका बमोजिम लगानी विविधीकरण गर्नुपर्छ, बजारमा विश्वसनीयता बढाउन सुशासन आवश्यक भएकाले त्यसमा ध्यान दिनुपर्छ, बीमा कम्पनीको समग्र जिम्मेवारी संचालक समितिको हो, संचालक समितिले कम्पनीका क्रियाकलापहरूको निगरानी गर्नुपर्छ ।"



नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवाल कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै ।


नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक राजुरमण पौडेल तथा निर्देशकहरू सहित कार्यक्रमका सहभागीहरू ।

अध्यक्ष सिलवालले बीमा कम्पनीहरूले प्राधिकरणमा पठाउनुपर्ने विवरणहरु समयमा नै पठाउन, शाखा उप-शाखाको व्यवस्थापन गर्दा पर्याप्त अध्ययन गर्न, ऐन, नियम र निर्देशिका बमोजिम काम गर्न, दण्ड तथा जरिवाना गर्नुपर्ने अवस्था आउन नदिन र न्यूनतम कागजातका आधारमा सहजरूपमा दाबी भुक्तानी गर्न बीमकहरूको ध्यानाकर्षण गर्नुभयो ।

नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक राजुरमण पौडेलले प्राधिकरणले पूँजी वृद्धिको निर्णय गरेपश्चात् बीमा कम्पनीहरु पूँजी पुर्‍याउन स्वतः स्फुर्तरूपमा मर्जरमा गएको उल्लेख गर्नुहुँदै कम्पनीहरूले तोकिएको

**संरक्षक**
श्री सूर्यप्रसाद सिलवाल, अध्यक्ष

**सल्लाहकारहरू**
श्री राजुरमण पौडेल, कार्यकारी निर्देशक
श्री कमल प्रसाद रेग्मी, निर्देशक
श्री सुशीलदेव सुवेदी, निर्देशक
श्री पूजन ढुङ्गेल (अधिकारी), निर्देशक

**सम्पादक समूह**
**संयोजक**
श्री दिनेश कुमार लाल, निर्देशक
**सदस्यहरू**
श्री पुनम ज्ञवाली (श्रेष्ठ), उपनिर्देशक
श्री प्रीति देव, उपनिर्देशक
श्री केदारनाथ भट्ट, सहायक निर्देशक
श्री गोविन्द चिमौरिया, प्रेस सल्लाहकार

**प्रकाशक**
**नेपाल बीमा प्राधिकरण**
कुपण्डोल, ललितपुर ।
फोन: ०१-५४२१०७९, ५४३८७४३, ५४२८६०४
Email:info@nia.gov.np, Web: www.nia.gov.np

अवधिभित्र पूँजी पुऱ्याउनुपर्ने र त्यसका लागि सहजीकरण गर्न प्राधिकरण तयार रहेको बताउनुभयो ।

कार्यकारी निर्देशक पौडेलले बीमा कम्पनीहरूको मर्जरपश्चात् विशेषगरी कर्मचारीहरूका सम्बन्धमा गुनासाहरु आउने गरेकाले त्यस्ता गुनासाहरु आन्तरिक रूपमै समाधान गर्न तथा कर्मचारीहरूलाई मर्कामा नपार्न निर्देशन दिनुभयो ।

कार्यक्रममा उठेका प्रश्नहरूको जवाफ दिनुहुँदै नेपाल बीमा प्राधिकरणका निर्देशक पुजन ढुङ्गेल (अधिकारी) ले प्राधिकरणमा बीमा कम्पनीहरूबाट पेश भएका प्रस्तावहरु तत्कालै स्वीकृत हुने गरेको र प्रोडक्ट कोडिङ सम्बन्धी कार्य भइरहेको जानकारी दिनभुयो ।

कार्यक्रममा मर्जर भएका बीमा कम्पनीका संचालक समितिका अध्यक्ष तथा प्रमुख कार्यकारी अधिकृतहरूले मर्जरपश्चात्को अवस्थाका बारेमा मिश्रित धारणा राख्नुभएको थियो ।

त्यस क्रममा केही बीमा कम्पनीका तर्फबाट मर्जर पश्चात् निर्देशिका बमोजिम कर्मचारीहरूको व्यवस्थापन गरेको, कर्मचारीहरूको सेवा सुविधामा एकरूपता ल्याएको, मर्जर पश्चात् ठूलो समस्या नआएको र साना साना समस्याहरु आफै समाधान गरी अगाडि बढेको जानकारी गराउनुभएको थियो ।

यसैगरी, केही बीमा कम्पनीहरूका तर्फबाट मर्जरपछि मानव स्रोत व्यवस्थापनमा बढी समस्या देखिएको, पूँजी वृद्धिको तुलनामा व्यवसाय नबढेको, बीमाङ्कीय मूल्याङ्कन प्रतिवेदन बुझाउन र शाखा तथा उप शाखा व्यवस्थापन गर्न थप समय आवश्यक परेको, मर्जरपश्चात् कर छूट लगायतका सहुलियत पाउन बाँकी रहेको लगायतका धारणा राख्नुभएको थियो ।

नेपाल बीमा प्राधिकरणका निर्देशक दिनेश कुमार लालले संचालन गर्नुभएको कार्यक्रममा प्राधिकरणका निर्देशकहरु, मर्जर भएका जीवन बीमा कम्पनी र निर्जीवन बीमा कम्पनीहरूका संचालक समितिका अध्यक्ष तथा सदस्यहरु र प्रमुख कार्यकारी अधिकृतहरु तथा प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

## शुभकामना आदान प्रदान कार्यक्रम

# बीमकहरुले बीमालेखका प्रावधानहरुलाई सामान्यीकरण गर्नुपर्छ : अध्यक्ष सिलवाल

नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले सिङ्गो बीमा व्यवसायको विकास एवम् विस्तारका लागि प्राधिकरणले सहयोगीका रूपमा भूमिका निर्वाह गर्दै आएको बताउनुभएको छ ।



नेपाल बीमा प्राधिकरणका निर्देशकहरू तथा कार्यक्रमका सहभागीहरू ।

नेपाल बीमा प्राधिकरणद्वारा विजया दशमी, शुभ दीपावली तथा छठ पर्व, २०८० को शुभ उपलक्ष्यमा यही २०८० साल कात्तिक ३ गते प्राधिकरणको केन्द्रीय कार्यालय, कुपण्डोल, ललितपुरमा आयोजित शुभकामना आदान प्रदान कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै अध्यक्ष सिलवालले बीमा बजारलाई सुधार गर्दै अघि बढ्नुपर्ने बताउनुभयो ।

अध्यक्ष सिलवालले भन्नुभयो, "प्राधिकरण र बीमकहरु एकअर्काका परिपरक भएकाले सोही अनुसार क्रियाकलापहरु अगाडि बढाउनुपर्‍यो, बीमकहरूले बजारमा देखिएको अविश्वास हटाउनु पर्‍यो, प्रदेश तथा शाखा कार्यालयहरूलाई अधिकार प्रत्यायोजन गर्नुपर्‍यो, बीमा सम्बन्धी अन्तर्राष्ट्रिय मान्यतामा रहेर बीमालेखका प्रावधानहरूलाई सामान्यीकरण गर्नुपर्‍यो, बैधरूपमा मुनाफा हुने बाटो खोज्नुपर्‍यो, बीमा बजारमा सकारात्मक परिवर्तन आउने गरी अघि बढ्नुपर्‍यो ।"

अध्यक्ष सिलवालले बीमकहरूले पनि तीनै तहका सरकारलाई बीमाका बारेमा बुझाउन र वार्षिक बजेटमा बीमा शीर्षकमा सशर्त बजेट विनियोजन गर्न पहल गर्नुपर्ने उल्लेख गर्नुहुँदै त्यसो भएमा न्यून आय भएका बर्गको बीमा हुनुका साथै गरिवी न्यूनीकरणमा समेत टेवा पुग्ने बताउनुभयो ।

नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक राजुरमण पौडेलले बीमा



नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवाल शुभकामना आदानप्रदान कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै ।

क्षेत्रमा देखिएका समस्याहरु समाधान गर्दै सिङ्गो बीमा व्यवसायलाई स्वच्छ एवम् मर्यादितरूपमा अगाडि बढाउनुपर्ने बताउनुभयो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका निर्देशकहरु, जीवन बीमक सङ्घ नेपाल तथा नेपाल बीमक सङ्घका पदाधिकारीहरु र जीवन बीमा कम्पनी, निर्जीवन बीमा कम्पनी, लघुबीमा कम्पनी तथा पुनर्बीमा कम्पनीका प्रमुख कार्यकारी अधिकृतहरूको सहभागिता रहेको थियो ।

कार्यक्रमको संचालन नेपाल बीमा प्राधिकरणका निर्देशक दिनेश कुमार लालले गर्नुभएको थियो ।

# 'छोरी बीमा' को मोडालिटी तयार गर्नका लागि सहयोग गर्न प्राधिकरण तयार छ : अध्यक्ष सिलवाल

नेपाल बीमा प्राधिकरणको आयोजनामा यही २०८० साल कात्तिक १ गते मधेश प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, जनकपुरधाम, धनुषामा मधेश प्रदेश सरकारसँग बीमा सम्बन्धी अन्तर्क्रिया एवम् छलफल कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा प्रमुख अतिथि मधेश प्रदेशका मुख्यमन्त्री सरोज कुमार यादवले बीमा बाध्य भएर नभई स्वत:स्फूर्तरूपले गर्ने कार्यक्रम ल्याउन र प्रदेशका सबै नागरिकलाई बीमाको दायरामा ल्याउन प्रदेश सरकार तयार रहेको बताउनुभयो ।

मुख्यमन्त्री यादवले सीमा क्षेत्रका बासिन्दाहरूमध्ये ६० देखि ७० प्रतिशतले अझै पनि भारतका बीमा कम्पनीहरूमा बीमा गर्ने गरेको र उद्योगी व्यवसायीहरूले करोडौंका उद्योग व्यवसायको बीमा नगरेको हुँदा आगलागी लगायतका कारणले क्षति भएको अवस्थामा राहत माग गर्दा प्रदेश सरकारले एक दुई लाखभन्दा बढी दिन नसक्ने अवस्था रहेको उल्लेख गर्नुहुँदै नागरिकको जीवन र सम्पत्तिको बीमा गर्ने प्रदेश सरकारको प्रयासमा साथ दिन सम्बद्ध सबैसँग आग्रह गर्नुभयो ।

नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले प्रदेश बीमा नीति ल्याउन र आर्थिक सहायताका लागि छुट्याइएको बजेटबाट केही रकम बीमा शीर्षकमा स्थान्तरण गरी प्रदेश सरकारबाट नै मुसहर, दुसाद् लगायतका सीमान्तकृत बर्गको बीमा गरिदिने कार्य शुरु गर्न आग्रह गर्नुभयो ।

सबै नागरिकको वित्तीय जोखिमको दायित्व सरकारले लिन नसक्ने भएकाले बीमाका माध्यमबाट वित्तीय जोखिमको दायित्व बीमा कम्पनीमा हस्तारण गर्नुपर्ने उल्लेख गर्नुहुँदै अध्यक्ष सिलवालले बीमा गरेपछि



नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवाल मधेश प्रदेशका मुख्यमन्त्री सरोज कुमार यादवलाई सम्झनाको चिनो प्रदान गर्नुहुँदै ।

विपद् लगायतका कारणबाट क्षति भएमा बीमा कम्पनीले नै क्षतिपूर्ति दिने बताउनुभयो ।

अध्यक्ष सिलवालले प्रदेश सरकारले ल्याएको 'बेटी पढाऊ, बेटी बचाऊ' कार्यक्रमका लागि विनियोजित रकमबाट छोरीहरूको बीमा गरेमा बचतका साथसाथै बीमा समेत हुने उल्लेख गर्नुहुँदै 'छोरी बीमा' को मोडालिटी तयार गर्नका लागि आवश्यक सहयोग गर्न प्राधिकरण तयार रहेको जानकारी दिनुभयो ।

कार्यक्रममा प्रदेश सरकारका तर्फबाट मुसहर र दुसाद जातीको नि:शुल्क बीमा गरिदिनका लागि आवश्यक कानूनी व्यवस्था गर्न प्रक्रिया अगाडि बढाइएको जानकारी दिइएको थियो ।

कार्यक्रममा सहभागीहरूले कृषि तथा पशुपन्छी बीमाको दाबी भुक्तानी तत्काल दिन बीमा कम्पनीहरूलाई नेपाल बीमा प्राधिकरणले कडा निर्देशन दिनुपर्ने, बीमा कम्पनीहरूले कृषि तथा पशु बीमाको दाबी भुक्तानीका लागि ग्रामीण क्षेत्रका बासिन्दासँग बिल मागेर दु:ख दिन नहुने, यातायातको साधनमा जस्तै उद्योगधन्दाको दर्ता र नवीकरण गर्दा नै बीमालाई अनिवार्य गर्नुपर्ने, पशुको बजार मूल्य अनुसार बीमाङ्क कायम गर्नुपर्ने, कृषि बीमालाई उत्पादनमा आधारित बनाउनुपर्ने, सीमावर्ती क्षेत्रलाई प्राथमिकता दिई सबै स्थानमा बीमा सम्बन्धी प्रचार प्रसार गर्नुपर्ने र नागरिकले आफू रहेकै स्थानबाट सहजै बीमा गर्न पाउने तथा दाबी भुक्तानी पनि सोही स्थानबाट हुने व्यवस्था गर्नुपर्ने लगायतका धारणा राख्नुभएको थियो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका निर्देशक दिनेश कुमार लालले बीमाको महत्व, बीमा गर्ने विधि, दाबी भुक्तानी प्रक्रिया, बीमा सम्बन्धी जनचेतना अभिवृद्धि र बीमाको विकास एवम् पहुँच विस्तारमा प्रदेश सरकारको भूमिका सम्बन्धी प्रस्तुती गर्नुभएको थियो ।

कार्यक्रममा मधेश प्रदेशका मन्त्री, प्रमुख सचिव र प्रदेश मन्त्रालयका सचिव तथा पदाधिकारीहरु, नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक, सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स कम्पनी र नेपाल इन्स्योरेन्स कम्पनीका प्रमुख कार्यकारी अधिकृतहरु लगायतको सहभागिता रहेको थियो ।

# बीमाको पहुँच विस्तारका लागि 'प्रदेश बीमा नीति' ल्याउनु आवश्यक छ : अध्यक्ष सिलवाल

नेपाल बीमा प्राधिकरणको आयोजनामा यही २०८० साल असोज ११ गते गण्डकी प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, पोखरामा गण्डकी प्रदेश सरकारसँग बीमा सम्बन्धी अन्तर्क्रिया एवम् छलफल कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा प्रमुख अतिथि गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले बीमाको दायरा विस्तारका लागि हरेक नागरिकलाई बीमा किन गर्ने ? र बीमाबाट के कस्ता फाइदा हुन्छ ? भन्ने बारेमा बुझाउनु आवश्यक भएको बताउनुभयो ।

स्थानीयस्तरमा बीमा सम्बन्धी जनचेतना अभिवृद्धिका कार्यमा सहयोग गर्न प्रदेश सरकार तयार रहेको जानकारी दिनुहुँदै मुख्यमन्त्री पाण्डेले भन्नुभयो, "बीमा गरेपछि समयमा नै दाबी भुक्तानी पाउनुपर्छ, बीमा कम्पनीबाट दाबी भुक्तानी नपाएर पीडित भएका गुनासाहरु आउने गरेका छन्, त्यस्तो हुनुभएन, बीमाप्रतिको विश्वास बढ्नेगरी कार्य गर्नुपर्छ ।"

नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले बीमाको विकास एवम् पहुँच विस्तारका लागि प्रदेश सरकारले 'प्रदेश बीमा नीति' ल्याउनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

अध्यक्ष सिलवालले बीमा मार्फत बीमा कम्पनीमा जोखिम हस्तान्तरण गरी आर्थिक सुरक्षण गर्न सकिने भएकाले आर्थिक रूपमा सक्नेलाई बीमा गर्न प्रोत्साहन गर्न र न्यून आय भएका बर्ग पहिचान गरी प्रदेश सरकारले नै बीमा गरिदिने व्यवस्था गर्न सुझाव दिनुभयो ।

कार्यक्रममा राखिएका जिज्ञासाहरूको जवाफ दिनहुँदै अध्यक्ष सिलवालले कोरोना बीमाको बाँकी दाबी भुक्तानीका सम्बन्धमा अर्थ मन्त्रालयमा पहल भइरहेको जानकारी दिनुभयो ।

अध्यक्ष सिलवालले बीमा सम्बन्धी जनचेतना अभिवृद्धिका कार्यक्रम र स्थानीय गुनासाहरूको सम्बोधन प्राधिकरणका प्रदेश कार्यालयहरूबाट समेत हुँदै आएको उल्लेख गर्नुहुँदै प्रदेश कार्यालयहरूसँग समन्वय गरी सम्बद्ध निकायहरूले बीमा सम्बन्धी सचेतनामूलक कार्यक्रम संचालन गर्नसक्ने बताउनुभयो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका निर्देशक पूजन ढुङ्गेल (अधिकारी) ले बीमाको परिचय, बीमा सम्बन्धी विद्यमान कानूनी व्यवस्था, बीमाको पहुँच विस्तारमा प्रदेश सरकारको भूमिका लगायतका विषयमा प्रस्तुती गर्नुभएको थियो ।



गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्र राज पाण्डको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रमका सहभागीहरू ।

कार्यक्रममा सहभागीहरूले कृषि तथा पशुपन्छी बीमामा भएको लगानीलाई मात्र नहेरी त्यसबाट हुने उत्पादनलाई पनि हेर्नुपर्ने, बीमा सम्बन्धी जनचेतना अभिवृद्धिमा जोड दिनुपर्ने, स्वास्थ्य बीमालाई बीमाको सिद्धान्त अनुरूप अगाडि बढाउनुपर्ने, प्रदेश सरकारले छुट्याउने गरेको आर्थिक सहायताको रकम न्यून आय भएका बर्गलाई बीमाको दायरामा ल्याउन उपयोग गर्नुपर्ने, बीमितहरूको पनि नियत राम्रो हुनुपर्ने, बीमाका सम्बन्धमा तीनै तहका सरकार, नेपाल बीमा प्राधिकरण र बीमा कम्पनीहरु आ-आफ्नो दायित्व बोध गरी अघि बढ्नुपर्ने लगायतका धारणा राख्नुभएको थियो ।

कार्यक्रममा गण्डकी प्रदेशका मन्त्री, प्रमुख सचिव र प्रदेश मन्त्रालयका सचिव तथा पदाधिकारीहरु, नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक र बीमा कम्पनीहरूका प्रदेश कार्यालयका प्रमुखहरु लगायतको सहभागिता रहेको थियो ।

कार्यक्रमको संचालन नेपाल बीमा प्राधिकरण, गण्डकी प्रदेश कार्यालयका प्रमुख केशव प्रसाद दाहालले गर्नुभएको थियो ।




नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवाल गण्डकी प्रदेशका आर्थिक मामिला मन्त्री जित प्रकाश आले मगरलाई सम्झनाको चिनो प्रदान गर्नुहुँदै ।

# अनुदानको बजेटको केही रकमबाट विपन्न बर्गको बीमा गर्न अध्यक्ष सिलवालको सुझाव

नेपाल बीमा प्राधिकरणको आयोजनामा यही २०८० साल असोज ४ गते बागमती प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, हेटौंडामा बागमती प्रदेश सरकारसँग बीमा सम्बन्धी अन्तर्क्रिया एवम् छलफल कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा प्रमुख अतिथि बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले प्रदेशका दुर्गम स्थानमा रहेका पालिकाहरूमा बीमासम्बन्धी जनचेतना अभिवृद्धि र पहुँच विस्तारका लागि सहकार्यका साथ अघि बढ्न आग्रह गर्नुभयो ।

मुख्यमन्त्री जम्कट्टेलले ग्रामीण क्षेत्रका नागरिकसम्म बीमाको पहुँच पुऱ्याउन र बीमा दाबी भुक्तानी प्रक्रियालाई सरल एवम् सहज बनाउन प्राधिकरणको ध्यानाकर्षण गर्नुभयो ।

नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले 'प्रदेश बीमा नीति' निर्माण र बीमा सम्बन्धी जनचेतना अभिवृद्धिका लागि प्रदेश सरकारसँग सहकार्य गर्न प्राधिकरण तयार रहेको जानकारी दिनुभयो ।

अध्यक्ष सिलवालले प्रदेश सरकारले अनुदानको बजेटबाट केही रकम बीमाका लागि छुट्याएर विपन्न बर्गको बीमा गर्नु उपयुक्त हुने सुझाव दिनुहुँदै बीमाबाट विपन्न बर्गको आर्थिक रक्षावरण हुनुका साथै गरीबी न्यूनीकरणमा समेत योगदान पुग्ने बताउनुभयो ।



बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रमका सहभागीहरू ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका निर्देशक सुशीलदेव सवेदीले बीमाको परिचय, बीमा बजारको विद्यमान अवस्था र बीमाको पहुँच वृद्धिमा प्रदेश सरकारको भूमिका सम्बन्धी प्रस्तुती गर्नुभएको थियो ।

कार्यक्रममा सहभागीहरूले प्रदेश सरकारले विपन्न बर्गको बीमा गरिदिनुपर्ने, बीमा कम्पनीहरूले बीमाको महत्वका बारेमा आम नागरिकलाई जानकारी दिई बीमा गर्न प्रेरित गर्नुपर्ने, बीमा दाबी भुक्तानी प्रक्रिया सरल एवम् सहज हुनुपर्ने, बीमा कम्पनीहरु गाउँ गाउँमा जानुपर्ने, बीमा कम्पनीले निर्जीवन बीमा खुशी भएर गर्ने तर बीमा दाबी दिँदा भने दुःख दिने प्रवृत्ति हटाउनुपर्ने, बीमालेखलाई सरल र छोटो बनाउनुपर्ने लगायतका धारणा राख्नुभएको थियो ।

कार्यक्रममा बागमती प्रदेशका मन्त्री, प्रमुख सचिव, प्रदेश योजना आयोगका पदाधिकारी, प्रदेश मन्त्रालयहरूका सचिव, नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक, जीवन बीमा कम्पनी र निर्जीवन बीमा कम्पनीका प्रमुख कार्यकारी अधिकृतहरु लगायतको सहभागिता रहेको थियो ।

## सरकारले भवन तथा संरचनाको बीमा गराउने सम्बन्धमा अध्ययन गर्ने

नेपाल सरकारले व्यक्तिगत आवास लगायत सबै भवन तथा संरचनाको बीमा गराउने सम्बन्धमा अध्ययन गरी सरकारका मुख्यसचिवले प्रतिवेदन पेश गर्ने निर्णय गरेको छ ।

नेपाल भूकम्प, प्राकृतिक प्रकोप र जलवायु परिवर्तनको उच्च जोखिममा रहेको मुलुक भएकाले व्यक्तिगत आवास लगायत सबै भवन तथा संरचनाको बीमा गराउने सम्बन्धमा अध्ययन गरी सरकारका मुख्यसचिवले प्रतिवेदन पेश गर्ने निर्णय सरकारले गरेको हो ।

नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८० साल कात्तिक २७ गते बसेको बैठकले "नेपाल भूकम्प, प्राकृतिक प्रकोप र जलवायु परिवर्तनको उच्च जोखिममा रहेको मुलुक भएकाले व्यक्तिगत आवास लगायत सबै भवन तथा संरचनाको बीमा गराउने सम्बन्धमा अध्ययन गरी नेपाल सरकारका मुख्यसचिवले प्रतिवेदन पेश गर्ने" निर्णय गरेको छ ।

## गण्डकी प्रदेशस्थित बीमकका प्रदेश प्रमुख र बीमा सर्भेयरहरुसँग अन्तर्क्रिया

# मर्जरपश्चात् बीमा कम्पनीहरूको जोखिम बहन गर्ने क्षमता बढेको छ : अध्यक्ष सिलवाल

नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले बीमा गर्नका लागि नागरिकहरु आफै बीमा कम्पनीमा आउने वातावरण सिर्जना गर्न बीमा कम्पनीहरूलाई निर्देशन दिनुभएको छ ।

नेपाल बीमा प्राधिकरणद्वारा यही २०८० साल असोज ११ गते पोखरामा आयोजित गण्डकी प्रदेशस्थित बीमकका प्रदेश तथा शाखा कार्यालयका प्रमुखहरु र बीमा सर्भेयरहरूसँग छलफल तथा अन्तर्क्रिया कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै अध्यक्ष सिलवालले बीमा बजारमा विश्वसनीयता कायम गर्न र बीमाप्रतिको विश्वास अभिवृद्धि गर्नका लागि ठोस कदम चाल्न बीमा कम्पनीहरूलाई निर्देशन दिनुभयो ।

अध्यक्ष सिलवालले भन्नुभयो, "मर्जरपश्चात् बीमा कम्पनीहरूको जोखिम बहन गर्ने क्षमता बढेको छ, बीमा कम्पनीहरूले संस्थागत सामाजिक उत्तरदायित्व (CSR) अन्तर्गत गतिविधिहरु बढाउँदै लानुपर्छ, बीमा सचेतना कार्यक्रमहरु संचालन गर्नुपर्छ, बीमा बजारका नयाँ नयाँ क्षेत्र पहिचान गर्नुपर्छ ।"

अध्यक्ष सिलवालले बीमा ऐनमा व्यवस्था भए बमोजिम 'बीमा सूचना केन्द्र' स्थापनाका लागि नीतिगत व्यवस्थाको पहल भइरहेको जानकारी दिनुभयो ।

नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक राजुरमण पौडेलले बीमा सर्भेयर र बीमा अभिकर्ताहरूका कामको निरीक्षण गर्ने पहिलो दायित्व बीमकका प्रदेश, शाखा र उप-शाखा कार्यालयका प्रमुखहरूको भएको बताउनुभयो ।

कार्यकारी निर्देशक पौडेलले प्राधिकरणबाट हुने स्थलगत निरीक्षणका क्रममा सत्यतथ्य विवरण नदिई गलत तथ्याङ्क दिने कम्पनीहरूलाई कानून बमोजिम कारवाही गरिने बताउनुभयो ।

छलफलमा उठेका प्रश्नहरूको जवाफ दिनुहुँदै नेपाल बीमा प्राधिकरणका निर्देशक पूजन ढुङ्गेल (अधिकारी) ले प्रोपर्टी ट्यारीफ रेट सम्बन्धी विषयलाई बीमकहरूको सुझाव लिएर सम्बोधन गरिने जानकारी दिनुभयो ।

कार्यक्रममा सहभागीहरूले बीमा कम्पनीहरूले मातहतका प्रदेश कार्यालयलाई अधिकार प्रत्यायोजन नगरेको, अस्वस्थ प्रतिस्पर्धाका कारण बीमा बजारमा समस्या आएको, नयाँ बीमा सर्भेयरलाई पर्याप्त काम नदिइएको लगायतका गुनासाहरु राख्नुभएको थियो ।

यसैगरी, बीमा कम्पनीहरु नगदरहित कारोवारतर्फ अघि बढ्नुपर्ने, बीमा सर्भेयरले तोकिएको समयमा नै रिपोर्ट बुझाउनुपर्ने, साना साना बीमा दाबी



**नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवाल कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै ।**

भुक्तानी प्रदेश कार्यालयबाट नै हुनेगरी अधिकार प्रत्यायोजन गर्नुपर्ने, बीमा बजारमा देखिएको अस्वस्थ प्रतिस्पर्धा नियन्त्रण गर्न नेपाल बीमा प्राधिकरणले ठोस कदम चाल्नुपर्ने, वास्तविक बीमा दाबीको भुक्तानी समयमा नै दिनुपर्ने लगायतका विचार सहभागीहरूले व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरण, गण्डकी प्रदेश कार्यालयका प्रमुख केशव प्रसाद दाहाल, नेपाल बीमक संघका उपाध्यक्ष वीरेन्द्र बैदवार, नेपाल इन्स्योरेन्स सर्भेयर्स एसोसिएन, पोखराका पदाधिकारी, बीमा कम्पनीका प्रदेश, शाखा तथा उपशाखा कार्यालयका प्रमुखहरु र बीमा सर्भेयरहरूको सहभागिता रहेको थियो ।

## जीवन बीमा अभिकर्ताको अनलाइन परीक्षा संचालन

नेपाल बीमा प्राधिकरणले बीमा मध्यस्थकर्ता (बीमा सर्भेयर र बीमा अभिकर्ता) को अनलाइन परीक्षा संचालनमा ल्याएको छ ।

बीमा ऐन, २०७९ मा 'बीमा मध्यस्थकर्ताले इजाजत प्राप्त गर्नुअघि तोकिए बमोजिमको परीक्षा उत्तीर्ण गरेको हुनुपर्नेछ' भन्ने व्यवस्था भए बमोजिम प्राधिकरणले बीमा सर्भेयर र बीमा अभिकर्ताको अनलाइन परीक्षा शुरु गरेको हो ।

प्राधिकरणको केन्द्रीय कार्यालयबाट संचालित बीमा सर्भेयर र बीमा अभिकर्ताको अनलाइन परीक्षाका लागि Insurance Regulatory Management Information System (IRMIS) मार्फत् बीमा अभिकर्ताको परीक्षाका लागि आवेदन दिने, Agent Exam System बाट आवेदन शुल्क बुझाउने, परीक्षा मिति चयन गर्ने तथा परीक्षा उत्तीर्ण हुनेले इजाजतपत्र शुल्क बुझाउने र IRMIS बाट नै बीमा अभिकर्ताको इजाजतपत्र अनलाइन मार्फत प्रिन्ट गरेर लिन सकिने व्यवस्था गरिएको छ ।

## मधेश प्रदेशस्थित बीमकका प्रदेश तथा शाखा कार्यालयका प्रमुखहरुसँग अन्तर्क्रिया

# प्रदेश तथा शाखा प्रमुखहरूले लक्ष्यमा मात्र नभई गुणस्तरमा पनि ध्यान दिनुपर्छ : अध्यक्ष सिलवाल

नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले बीमा कम्पनीका प्रदेश तथा शाखा कार्यालयका प्रमुखहरूलाई आफ्नो कर्तव्य तथा जिम्मेवारी इमान्दारीसाथ बहन गरी जवाफदेही भएर काम गर्न निर्देशन दिनुभएको छ ।

नेपाल बीमा प्राधिकरणबाट यही २०८० साल असोज ४ गते मधेश प्रदेशको बीरगञ्जमा आयोजित बीमा कम्पनीका प्रदेश र शाखा कार्यालयका प्रमुख तथा प्रतिनिधिहरूसँगको अन्तर्क्रिया कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै अध्यक्ष सिलवालले प्रत्यायोजित अधिकार प्रभावकारी किसिमले पूर्णरूपमा कार्यान्वयन गर्न निर्देशन दिनुभयो ।

अध्यक्ष सिलवालले भन्नुभयो, "बीमा कम्पनीका प्रदेश तथा शाखा कार्यालयका प्रमुखहरूले लक्ष्यमा मात्र ध्यान नदिई गुणस्तरमा पनि ध्यान दिनुपर्छ, जोखिमाङ्कन राम्रोसँग गर्नुपर्छ, कानून, नियम, निर्देशिका र निर्देशनहरु पूर्णरूपमा पालना गर्नुपर्छ, कानून, नियम, निर्देशिका विपरित कार्य गरेमा अबको कारवाही बीमकका स्थानीय कर्मचारीसम्म पुग्छ, सजग भएर काम गर्नुहोला ।"

नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक राजुरमण पौडेलले उधारो बीमा निर्जीवन बीमामा मात्र नभई जीवन बीमामा समेत पाइएको उल्लेख गर्नुहुँदै उधारो बीमा नगर्न र बीमितिको विश्वास जित्नेगरी काम गर्न बीमा कम्पनीका प्रदेश तथा शाखा प्रमुखहरूलाई निर्देशन दिनुभयो ।



नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवाल, कार्यकारी निर्देशक राजुरमण पौडेल र निर्देशक सुशीलदेव सुबेदी तथा बीमकका प्रमुख कार्यकारी अधिकृतहरू ।

कार्यक्रममा बीमा कम्पनीका प्रदेश र शाखा कार्यालयका प्रमुख तथा प्रतिनिधिहरूले बीमा अभिकर्ता एक बीमकबाट अर्कोमा जान पाउने प्रावधानबाट असहजता भोग्नुपरेको, सम्पत्ति बीमामा उच्च र न्यून जोखिम दुबैलाई एकै किसिमको बीमादर राखिएको गुनासो रहेको, जीवन बीमालेखबाट बीमा कर्जा लिन कठिन भएका गुनासाहरु आउने गरेको, लघुबीमामा टिकट दस्तूर बढी भएको, लघूबीमामा नयाँ बीमालेखको अभाव रहेको लगायतका धारणा राख्नुभएको थियो ।

कार्यक्रममा उठेका प्रश्नहरूको जवाफ दिनुहुँदै नेपाल बीमा प्राधिकरणका निर्देशक सुशीलदेव सुवेदीले बीमा अभिकर्ताको प्रणाली (सफ्टवेयर) निर्माणको क्रममा रहेको जानकारी दिनुभयो ।

नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यालयका प्रमुख कुसुम शर्माले संचालन गर्नुभएको कार्यक्रममा रिलायबल नेपाल इन्स्योरेन्स लिमिटेडका प्रमुख कार्यकारी अधिकृत नाराण बाबु लोहनी, नेको इन्सुरेन्स लिमिटेडका प्रमुख कार्यकारी अधिकृत अशोक कुमार खड्का, जीवन बीमा कम्पनी र निर्जीवन बीमा कम्पनीका प्रदेश र शाखा कार्यालयहरूका प्रमुख तथा प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

## कोशी प्रदेशस्थित बीमकका प्रदेश कार्यालय प्रमुखहरूसँग अन्तर्क्रिया

नेपाल बीमा प्राधिकरण, कोशी प्रदेश कार्यालयको आयोजनामा यही २०८० साल असोज १८ गते विराटनगरमा कोशी प्रदेशस्थित बीमा कम्पनीका प्रदेश कार्यालयका प्रमुखहरूसँग समसामयिक विषयमा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा बीमकका प्रदेश कार्यालय प्रमुखहरूलाई दिइएको दाबी भुक्तानीको अख्तियारी, बीमा क्षेत्रमा विद्यमान समस्या, मोटर बीमालेखमा चालक दुर्घटना बीमा सम्बन्धमा देखिएका कैफियत, बीमा दाबीमा देखिएका समस्या, बीमकको संस्थागत सामाजिक उत्तरदायित्व, बीमकका कर्मचारीहरूका लागि तालिम, बीमा बजारको अवस्था लगायतका विषयमा छलफल भएको थियो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरण, कोशी प्रदेश कार्यालयका प्रमुख विनोद कुमार पोखरेलका साथै कोशी प्रदेशस्थित बीमा कम्पनीका प्रदेश कार्यालयहरूका प्रमुखहरूको सहभागिता रहेको थियो ।

## बीमकका प्रदेश र शाखा कार्यालय प्रमुखहरुसँग अन्तर्क्रिया

# मधेश प्रदेशमा बीमाको पहुँच उल्लेख्यरूपले बढ्ने गरी कार्य गर्न अध्यक्ष सिलवालको निर्देशन

नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले मधेश प्रदेशमा ९ प्रतिशतमा सीमित रहेको बीमाको पहुँच उल्लेख्य रूपले बढ्ने गरी कार्य गर्न बीमा कम्पनीहरूलाई निर्देशन दिनुभएको छ ।

नेपाल बीमा प्राधिकरणबाट यही कात्तिक १ गते बुधबार मधेश प्रदेशको धनुषा जिल्लाको जनकपुरधाममा आयोजित बीमा कम्पनीका प्रदेश, शाखा र उप-शाखा कार्यालयका प्रमुख तथा सरोकारवाहरूसँग आयोजित अन्तर्क्रिया कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै अध्यक्ष सिलवालले बीमा ऐन, नियमावली, निर्देशिका र निर्देशनहरूको पूर्ण पालना गर्दै स्वच्छ व्यवसाय गर्न बीमकहरूलाई निर्देशन दिनुभयो ।

बीमा कम्पनीका कर्मचारीहरूको दक्षता अभिवृद्धिका लागि प्राधिकरणले इस्योरेन्स इन्स्टिच्युट नेपाललाई तालिम संचालन गर्न लगाउने जानकारी दिनुहुँदै अध्यक्ष सिलवालले स्थानीय आवश्यकता अनुरूपको नयाँ बीमालेख ल्याउनका लागि केन्द्रीय कार्यालयसँग आग्रह गर्न, बैङ्क र बीमा फरक हुन् भन्ने बारेमा सबैलाई बुझाउन र त्रुटी नहुने गरी काम गर्न बीमकका प्रदेश, शाखा तथा उप-शाखा कार्यालयहरूलाई निर्देशन दिनुभयो ।




नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवाल, कार्यकारी निर्देशक राजुरमण पौडेल र निर्देशक दिनेश कुमार लाल तथा बीमकका प्रमुख कार्यकारी अधिकृतहरू ।

अध्यक्ष सिलवालले बीमाका सिद्धान्त विपरित बीमा व्यवसाय नगर्न र दाबी भुक्तानीमा समस्या नआउने गरी प्रस्तावको पर्याप्त विश्लेषण गरेर बीमा गर्न समेत बीमकहरूलाई निर्देशन दिनुभयो ।

नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक राजुरमण पौडेलले बीमाप्रति जनविश्वास बढ्ने गरी कार्य गर्न र स्वच्छ प्रतिस्पर्धाका आधारमा व्यवसाय गर्न बीमा कम्पनीहरूलाई निर्देशन दिनुभयो ।

कार्यक्रममा स्वागत मन्तव्य व्यक्त गर्नुहुँदै नेपाल बीमा प्राधिकरणका निर्देशक दिनेश कुमार लालले बीमकका प्रदेश, शाखा तथा उप-शाखा कार्यालयहरूले सुशासन कायम गर्दै गुनासो नआउने गरी काम गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स कम्पनीका प्रमुख कार्यकारी अधिकृत शिवनाथ पाण्डे र नेपाल इन्स्योरेन्स कम्पनीका प्रमुख कार्यकारी अधिकृत बी.के. महर्जनले छलफलमा उठेका प्रश्नहरूको जवाफ दिनुभएको थियो ।

कार्यक्रममा सहभागीहरूले बीमा कम्पनीका कर्मचारीहरूको दक्षता अभिवृद्धिका लागि तालिम आयोजना गर्नुपर्ने, बीमकका केन्द्रीय कार्यालयले निश्चित अधिकार प्रत्यायोजन गर्नुपर्ने, प्राधिकरणबाट हालै जारी गरिएको सम्पत्ति बीमा निर्देशिकामा धेरै सुधार भए पनि केही विषयहरु अझै स्पष्ट पार्नुपर्ने, कोरोना बीमाको बाँकी दाबी भुक्तानी गर्न ढिलाई गर्न नहुने लगायतका धारणा राख्नुभएको थियो ।

कार्यक्रममा मधेश प्रदेशस्थित बीमकका प्रदेश कार्यालय, शाखा कार्यालय र उप-शाखा कार्यालयहरूका प्रमुख तथा प्रतिनिधिहरु र सरोकारवालाहरु लगायतको सहभागिता रहेको थियो ।




कार्यक्रमका सहभागीहरू ।

# नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY

मिति : २०८० असोज २९

## प्रेस विज्ञप्ती

नेपाल बीमा प्राधिकरणबाट विभिन्न चारवटा बीमकहरूलाई प्रिमियम मूल्यको शेयर जारी गर्न सैद्धान्तिक स्वीकृति दिएको विषयलाई लिएर केही अनलाइन संचार माध्यम मार्फत केही स्वार्थ समूहहरूले बीमा ऐन, २०७९ मा भएको व्यवस्थाको आफूखुशी अपव्याख्या गर्दै भ्रमपूर्ण दुष्प्रचार गरिरहेको प्रति प्राधिकरणको गम्भीर ध्यानाकर्षण भएको छ ।

बीमकहरू आईएमई लाइफ इन्स्योरेन्स लि, रिलायवल नेपाल लाइफ इन्स्योरेन्स लि, सन नेपाल लाइफ इन्स्योरेन्स लि. र सिटिजन लाइफ इन्स्योरेन्स लि. समेत ४ वटालाई प्रिमियममा शेयर जारी गर्न प्राधिकरणबाट सैद्धान्तिक स्वीकृति दिइएको र बीमा ऐन, २०७९ को दफा ४५ को विवरणपत्र तथा शेयर निष्काशन सम्बन्धी व्यवस्थाको उपदफा (५) मा 'प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि बीमकले सर्वसाधारणबाट शेयर खरिदका लागि दरखास्त आह्वान गर्दा शेयरको अङ्कित मूल्यको शत्प्रतिशत रकम माग गर्नुपर्नेछ' भन्ने कानूनी व्यवस्थाको अपब्याख्या गर्दै प्रिमियममा शेयर निकाष्शनको स्वीकृति दिनु नहुने भनी कुप्रचार गरी सर्वसाधारणमा भ्रम सिर्जना गर्ने, बीमकहरूप्रति अविश्वास पैदा गर्ने, लगानीकर्ताहरुलाई भ्रममा राख्ने र नियामक निकायको काम कारवाहीप्रति अविश्वास पैदा गर्ने दूषित मनसायले निहित स्वार्थ समूहहरूबाट भएका त्यस्ता अनर्गल दुष्प्रचारमा नपर्न र कसैको बहकाउमा नलाग्न बीमक, बीमित, लगानीकर्ता तथा सर्वसाधारण लगायत सम्बन्धित सबैलाई प्राधिकरण आग्रह गर्दछ ।

बीमा ऐन, २०७९ को दफा ४४ को उपदफा (५) मा 'बीमकको शेयरको बाँडफाँड तथा बिक्री वितरण सम्बन्धी अन्य व्यवस्था धितोपत्र सम्बन्धी प्रचलित सञ्चिय कानून बमोजिम हुने' उल्लेख भएको, धितोपत्र ऐन, २०६३ बमोजिम धितोपत्र बोर्ड नेपालले जारी गरेको धितोपत्र निष्काशन नियमावली, २०७३ को दफा २५ तथा कम्पनी ऐन, २०६३ को दफा २९ बमोजिम प्रिमियममा शेयर जारी गर्न सक्ने व्यवस्था सम्बन्धी शर्तहरू पूरा गरेका बीमकहरूलाई सर्वसाधारणका लागि छुट्याइएको शेयर प्रिमियममा सार्वजनिक निष्काशन गर्न प्राधिकरणबाट कानून बमोजिम सैद्धान्तिक स्वीकृति दिइएको स्पष्ट गर्दछौं ।

नियमनकारी निकायहरूको सुशासनयुक्त कार्यप्रणालीप्रति प्रश्न उठाई केही स्वार्थ समूहले विद्यमान कानूनको अपव्याख्या गरी मनगढन्तेरूपले गर्दै आएको दुष्प्रचारप्रति प्राधिकरण घोर आपत्ति प्रकट गर्दछ ।

(राजुरमण पौडेल)

कार्यकारी निर्देशक एवम् प्रवक्ता

## ललितपुर जिल्लाका स्थानीय तहमा बीमा सम्बन्धी अन्तर्क्रिया

# गाउँपालिकामा बीमा सेवा केन्द्र स्थापना गर्न र बाली बीमालाई अझै स्पष्ट पार्न आग्रह

नेपाल बीमा प्राधिकरणको आयोजनामा यही २०८० साल असोज महिनामा बागमती प्रदेशको ललितपुर जिल्लाका कोन्ज्योसोम गाउँपालिका, महाङ्काल गाउँपालिका र बागमती गाउँपालिकामा बीमा सम्बन्धी सचेतनामूलक अन्तर्क्रिया कार्यक्रमहरु सम्पन्न भएका छन् ।

**कोन्ज्योसोम गाउँपालिका**मा असोज १२ गते आयोजित कार्यक्रममा प्रमुख अतिथि कोन्ज्योसोम गाउँपालिकाका उपाध्यक्ष राजन प्रसाद घिमिरेले बीमाको पहुँच वृद्धिका लागि आगामी बजेटमा बीमालाई समावेश गर्ने र सम्बद्ध सबैसँग सहकार्य गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो । साथै, उहाँले स्वास्थ्य बीमा र कृषि तथा पशुपन्छी बीमामा समस्याहरु रहेको औंल्याउनुभयो ।

यसैगरी, **महाङ्काल गाउँपालिका**मा असोज ११ गते आयोजित कार्यक्रममा प्रमुख अतिथि महाङ्काल गाउँपालिकाका अध्यक्ष गणेश बहादुर के.सी. ले गाउँपालिकाको भवन तयार भएपछि एउटा कोठा बीमा सम्बन्धी कार्यका लागि उपलब्ध गराउने जानकारी दिनुभयो ।

महाङ्काल गाउँपालिकाका उपाध्यक्ष डोल्मा माया गोलेले न्यून आय भएका बर्ग सहित सबै नागरिकसम्म बीमाको पहुँच पुऱ्याउन सम्बद्ध सबै पक्षले जोड दिनुपर्ने बताउनुभयो ।

यस्तै, **बागमती गाउँपालिका**मा असोज ११ गते नै भएको अर्को कार्यक्रममा बागमती गाउँपालिकाका अध्यक्ष वीरबहादुर लोप्चनले कृषि तथा पशुपन्छी बीमालाई अझै स्पष्ट पार्न र गाउँपालिका क्षेत्रमा बीमा सेवा केन्द्र राख्न आग्रह गर्नुभयो ।

ती कार्यक्रमहरुमा नेपाल बीमा प्राधिकरणका निर्देशक दिनेश कुमार लालले घटना कतिबेला हुन्छ थाहा नहुने भएकाले गाउँपालिकाका सेवासँग बीमालाई आवद्ध गरेर अनिवार्य गर्न सम्बन्धित गाउँपालिकासँग आग्रह गर्नुभयो ।

निर्देशक लालले आर्थिकरुपमा सक्नेलाई बीमा गर्न प्रोत्साहन गर्न तथा विपन्न बर्गको बीमा गाउँपालिकाबाट नै गरिदिने व्यवस्था गर्न सुझाव दिनुभयो ।

कार्यक्रमहरुमा नेपाल बीमा प्राधिकरणका उपनिर्देशक निर्मल अधिकारीले बीमाको परिचय, महत्व, बीमा गर्ने विधि, दाबी भुक्तानी प्रक्रिया र बीमाको विकास एवम् पहुँच विस्तारमा स्थानीय तहको भूमिका सम्बन्धी प्रस्तुती गर्नुभएको थियो ।

ती कार्यक्रममा सहभागीहरुले कृषि तथा पशुपन्छी बीमा प्राविधिकरुपमा जटिल रहेको, बीमा कम्पनीहरुले कृषि बीमा गर्न नमानेको, एकै किसिमको बीमालेखको बीमाङ्कमा एकरुपता




नेपाल बीमा प्राधिकरणका निर्देशक दिनेश कुमार लालका साथमा कार्यक्रमका सहभागीहरू ।

नभएको, दाबी भुक्तानी प्रक्रिया झन्झटिलो रहेको, बीमा कहाँ कसरी गर्ने ? भन्ने थाहा नभएको लगायतका गुनासाहरु राख्नुभएको थियो ।

यसैगरी, सहभागीहरुले बीमा दाबी भुक्तानीलाई सरल र सहज बनाउन, स्थानीय तहसँग समन्वय गरेर गाउँपालिका क्षेत्रमा बीमा सेवा केन्द्र स्थापना गर्न, बाली बीमालाई अझै स्पष्ट पार्न, विपन्न बर्गसम्म बीमाको पहुँच पुऱ्याउन, भैंसी र बाख्राको मूल्य निर्धारणमा देखिएको समस्या समाधान गर्न सम्बन्धित निकायको ध्यानाकर्षण गर्नुभएको थियो ।

कार्यक्रममा सम्बन्धित स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीहरु, चापागाउँस्थित बीमा कम्पनीका शाखा कार्यालयका प्रमुख र कृषकहरु लगायतको सहभागिता रहेको थियो ।

## गोदावरी नगरपालिकासँग बीमा सम्बन्धी अन्तर्क्रिया

नेपाल बीमा प्राधिकरणको आयोजनामा यही २०८० साल असोज ४ गते ललितपुर जिल्लास्थित गोदावरी नगरपालिकासँग बीमा सम्बन्धी अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा प्रमुख अतिथि गोदावरी नगरपालिकाका प्रमुख गजेन्द्र महर्जनले कृषि तथा पशुपन्छी बीमा र घरबीमालाई योजनावद्ध किसिमले अगाडि बढाउने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

प्रमुख महर्जनले नगरपालिकाबाट प्रदान गरिने राहतको व्यवस्थाले समस्याको समाधान नहुने भएकाले जोखिम हस्तान्तरण गरी आर्थिक सुरक्षण गर्न बीमा नै गर्नुपर्ने बताउनुभयो ।

नेपाल बीमा प्राधिकरणका निर्देशक दिनेश कुमार लालले नगरपालिकाका सेवासँग घरबीमालाई आवद्ध गर्न आग्रह गर्नुहुँदै बीमाबाट घर लगायत सम्पत्तिको जोखिम बीमा कम्पनीमा हस्तान्तरण भई आर्थिक सुरक्षण हुने स्पष्ट गर्नुभयो ।

निर्देशक लालले घटना कतिखेर हुन्छ भन्ने थाहा नहुने भएकाले दुर्घटना बीमा र कृषि तथा पशुपन्छी बीमालाई प्रोत्साहित गर्न तथा विपन्न बर्गको बीमा नगरपालिकाले नै गरिदिने व्यवस्था गर्न आग्रह गर्नुभयो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका उपनिर्देशक निर्मल अधिकारीले बीमा सम्बन्धी समग्र विषयमा प्रस्तुती गर्नुभएको थियो ।

कार्यक्रममा गोदावरी नगरपालिकाका जनप्रतिनिधिहरु र कर्मचारीहरु तथा बीमा कम्पनीका प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY

# Quarterly Insurance Business Statistics

*Up to First Quarter, FY 2080/81*

| SN | Indicators | Up to First Quarter, FY 2079/80 | Up to First Quarter, FY 2080/21 | % Change |
|---|---|---|---|---|
| 1 | Number of life insurance policies (excluding term,micro term and foreign employment life insurance policies) | 5,415,592 | 5,661,109 | 4.53 |
| 2 | Number of term and micro term life insurance polices | 7,299,391 | 6,705,489 | (8.14) |
| 3 | Foreign employment life insurance polices | 1,168,273 | 1,500,983 | 28.48 |
| **4** | **Total no. of life insurance policies** | **13,883,256** | **13,867,581** | **(0.11)** |
| **5** | **Total no. of non-life insurance policies** | **689,468** | **684,436** | **(0.73)** |
| 6 | Life insurance first premium (Rs. in million) | 7,095.54 | 6,722.67 | (5.25) |
| 7 | Life insurance renewal premium (Rs. in million) | 28,681.32 | 34,082.02 | 18.83 |
| **8** | **life insurance gross premium (Rs. in million)** | **35,776.86** | **40,804.69** | **14.05** |
| **9** | **Non-life insurance gross premium (Rs. in million)** | **10,842.45** | **10,454.74** | **(3.58)** |
| **10** | **Gross premium collection (Rs. in million)** | **46,619.31** | **51,259.43** | 9.95 |
| 11 | Percentage of population covered by insurance (excluding term, micro term and foreign employment life insurance policies) | 16.94 | 17.63 | |
| 12 | Percentage of population covered by insurance (including term and micro term life insurance policies) | 39.78 | 38.50 | |
| **13** | **Percentage of population covered by insurance (including term, micro term and foreign employment life insurance policies)** | **43.62** | **43.42** | |
| 14 | Number of branch office of life insurers | 2,298 | 1,806 | (21.41) |
| 15 | Number of branch office of nonlife insurers | 1,062 | 1,019 | (4.05) |
| **16** | **Total no. of branch offices (Life+Non-life+Micro)** | **3,360** | **2,825** | **(15.92)** |
| 17 | Number of employee of life insurers | 6,174 | 5,819.0 | (5.75) |
| 18 | Number of employee of non-life insurers | 5,678 | 5,689 | 0.19 |
| **19** | **Total no. of empoloyees (Life+Non-life+Micro)** | **11,852** | **11,508** | **(2.90)** |


Note *1. Insurance coverage details are calculated on the basis of the census report 2078 published by National Statistics Office.*


*2. Microlife and micrononlife insurers' businesses are included in the life insurance and nonlife insurance business respectively.*


# DISTRICT LEVEL INSURANCE BUSINESS STATUS


*Up to First Quarter, FY 2080/81*

## TOP 10 DISTRICTS' LIFE INSURANCE BUSINESS

















## LEAST 10 DISTRICTS' LIFE INSURANCE BUSINESS
















# TOP 10 DISTRICTS’ NON-LIFE INSURANCE BUSINESS

















# LEAST 10 DISTRICTS’ NON-LIFE INSURANCE BUSINESS




Prepared By: BASANT PRASAD BOHARA
(STATISTICIAN)

**बीमा नियमावली**

नेपाल बीमा प्राधिकरणले बीमा ऐन, २०७९ कार्यान्वयनका सन्दर्भमा बीमा नियमावलीको मस्यौदा तयार गरी स्वीकृतिका लागि अर्थ मन्त्रालयमा पेश गरेको छ ।

**राष्ट्रि बीमा नीति**

नेपाल बीमा प्राधिकरणले राष्ट्रिय बीमा नीतिको मस्यौदा तयार गरी स्वीकृतिका लागि अर्थ मन्त्रालयमा पेश गरिसकेको छ ।

**दोस्रो रणनीतिक योजना (सन् २०२३-२०२७)**

नेपाल बीमा प्राधिकरणले "बीमाको प्रवर्द्धन : बीमितको हित संरक्षण" भन्ने मूल शीर्षकका साथ दोस्रो रणनीतिक योजना (सन् २०२३-२०२७) कार्यान्वयनमा ल्याएको छ । पाँचवर्षे रणनीतिक योजनामा बीमा क्षेत्रको विकास, जोखिममा आधारित पूँजी तथा सोल्भेन्सी, बीमा क्षेत्रमा जवाफदेहिता तथा पारदर्शिता, बीमाको पहुँच विस्तार तथा समावेशिता, मानवीय स्रोत तथा पूर्वाधारको विकास लगायत गरी विभिन्न आठवटा रणनीतिहरु तय गरिएका

**बीमक दर्ता तथा बीमा व्यवसाय संचालन सम्बन्धी (दोस्रो संशोधन) निर्देशिका, २०८०**

नेपाल बीमा प्राधिकरणले बीमक दर्ता तथा बीमा व्यवसाय संचालन सम्बन्धी (दोस्रो संशोधन) निर्देशिका, २०८० जारी गरेको छ । मिति २०८० साल बैशाख ३ गते जारी निर्देशिकामा मिति २०७९ चैत मसान्तभित्र तोकिएको चुक्ता पूँजी कायम गर्न नसक्ने बीमकले मनासिव कारण सहित निवेदन दिएमा मिति २०८० असार मसान्तभित्र चुक्ता पूँजी कायम गर्ने गरी प्राधिकरणले म्याद थप गर्नसक्ने व्यवस्था गरिएको छ ।

**बीमक गाभ्ने, गाभिने तथा प्राप्ती गर्ने सम्बन्धी (चौथो संशोधन) निर्देशिका, २०८०**

नेपाल बीमा प्राधिकरणले बीमक गाभ्ने, गाभिने तथा प्राप्ती गर्ने सम्बन्धी (चौथो संशोधन) निर्देशिका, २०८० जारी गरेको छ । मिति २०८० वैशाख २६ गते जारी निर्देशिकामा गाभ्ने, गाभिने तथा प्राप्ति गर्ने सम्बन्धी प्रक्रिया पूरा गरी एकीकृत कारोवार संचालन गरेका निर्जीवन बीमकले आर्थिक वर्ष २०८०/८१ का लागि व्यापार प्रवर्द्धन, विज्ञापन तथा प्रचारप्रसार शीर्षकमा तोकिएको सीमाको अतिरिक्त एक प्रतिशतसम्म खर्च गर्नसक्ने व्यवस्था गरिएको छ ।

**बीमकको पुनर्बीमा निर्देशिका, २०८०**

नेपाल बीमा प्राधिकरणले जीवन तथा निर्जीवन बीमा व्यवसाय गर्ने बीमकको पुनर्बीमा व्यवस्थालाई व्यवस्थित गर्न बीमकको पुनर्बीमा निर्देशिका, २०८० जारी गरेको छ । मिति २०८० जेठ १ गते जारी निर्देशिकामा बीमकले आफूले धारण गर्ने जोखिम धारण गरी बाँकी रहेको वा आफूले धारण गर्न नसक्ने अङ्शको पुनर्बीमा गराउने र यसरी पुनर्बीमा गर्दा आफूले पूरै स्वीकार गर्ने जोखिम बाहेकको बीमालेखले रक्षावरण गर्ने कुनै पनि जोखिम नछुट्ने गरी पुनर्बीमाको व्यवस्था गर्नुपर्ने, पुनर्बीमा गर्दा जोखिमको विविधीकरण गर्नुपर्ने र प्राविधिक तथा वित्तीय क्षमताको पर्याप्त मात्रामा विश्लेषण गर्नुपर्ने लगायतका व्यवस्था गरिएका छन् ।

**बीमकको वित्तीय विवरण सम्बन्धी निर्देशन, २०८०**

नेपाल बीमा प्राधिकरणले बीमकको वित्तीय विवरण सम्बन्धी निर्देशन, २०८० जारी गरेको छ । निर्देशन बमोजिम, बीमकले लेखा राख्दा, वित्तीय विवरण तयार गर्दा, प्रकाशित गर्दा वा प्राधिकरणमा पेश गर्दा बीमकको वित्तीय विवरण सम्बन्धी निर्देशन, २०८० बमोजिम गर्नुपर्नेछ । यसैगरी, बीमकले प्रचलित कानून तथा नेपाल वित्तीय प्रतिवेदनमा र नेपाल लेखामान अनुरूप कारोबारको यथार्थ स्थिति स्पष्टरूपमा देखिनेगरी आफ्नो सम्पत्ति, दायित्व, इक्वीटी, आम्दानी र खर्चको अभिलेख राख्नुपर्ने, निर्देशनमा उल्लेख छ ।

**बीमकको संस्थागत सुशासन सम्बन्धी (पाँचौं संशोधन) निर्देशिका, २०८०**

नेपाल बीमा प्राधिकरणले बीमकको संस्थागत सुशासन सम्बन्धी (पाँचौं संशोधन) निर्देशिका, २०८० जारी गरेको छ । मिति २०८० वैशाख २४ गते जारी निर्देशिकामा बीमकहरूलाई सामाजिक उत्तरदायित्व सम्बन्धी कार्यमा क्रियाशील गराउनका लागि बीमकको संस्थागत सामाजिक उत्तरदायित्व (Corporate Social Responsibility) सम्बन्धी व्यवस्था गरिएको छ । यस व्यवस्था बमोजिम बीमकहरूले प्रत्येक आर्थिक वर्षको खूद

मुनाफाको एक प्रतिशत रकम छुट्याई 'संस्थागत सामाजिक उत्तरदायित्व कोष' खडा गरी जम्मा गर्नुपर्ने छ । कोषमा जम्मा भएको रकम खर्च गर्दा एकै भौगोलिक क्षेत्र तथा विषयमा मात्र सीमित नभई विभिन्न भौगोलिक क्षेत्र तथा विषयहरूमा न्यायोचित ढङ्गले खर्च गर्नुपर्ने अनिवार्य व्यवस्था गरिएको छ ।

### सम्पत्ति बीमा निर्देशन, २०८०

नेपाल बीमा प्राधिकरणले निर्जीवन बीमा व्यवसाय अन्तर्गत जमिनमा आधारित सम्पत्ति तथा घर सम्बन्धी बीमाको स्तरीकृत बीमालेख र सोका लागि आवश्यक बीमादर प्रचलनमा ल्याउनका लागि 'सम्पत्ति बीमा निर्देशन, २०८०' जारी गरेको छ । प्राधिकरणले बीमादर सल्लाहकार समतिको सिफारिशमा उक्त निर्देशन जारी गरेको हो । सम्पत्ति बीमा निर्देशन, २०८० यही २०८० साल कात्तिक १ गतेदेखि प्रारम्भ भएको छ ।

### बीमकको लगानी निर्देशिका, २०७९

नेपाल बीमा प्राधिकरणले पुनर्बीमकको लगानी निर्देशन, २०७९, निर्जीवन बीमकको लगानी निर्देशन, २०७९, जीवन बीमकको लगानी निर्देशन, २०७९ लघु निर्जीवन बीमकको लगानी निर्देशन, २०७९ र लघु जीवन बीमकको लगानी निर्देशन, २०७९, जारी गरेको छ । बीमा क्षेत्रबाट गरिने लगानीलाई विविधीकरण गर्नका लागि जारी गरिएका निर्देशिकाहरूबाट जलविद्युत लगायत सरकारबाट स्वीकृतिप्राप्त क्षेत्रहरूमा लगानी गर्न मार्ग प्रशस्त भएको छ ।

### बीमकको शाखा कार्यालय सम्बन्धी निर्देशिका, २०७९

नेपाल बीमा प्राधिकरणले बीमकका शाखा कार्यालय स्थापना गर्ने कार्यलाई व्यवस्थित बनाउनका लागि मिति २०७९ फागुन १६ गते 'बीमकको शाखा कार्यालय सम्बन्धी निर्देशिका, २०७९' जारी गरेको छ । निर्देशिकाले बीमकहरूलाई विदेशमा समेत बीमा व्यवसाय विस्तार गर्नका लागि विदेशमा शाखा तथा सम्पर्क कार्यालय स्थापना गर्न मार्ग प्रशस्त गरेको छ ।

### जीवन बीमकको बीमाङ्की मूल्याङ्कन सम्बन्धी निर्देशिका, २०७७ संशोधन

नेपाल बीमा प्राधिकरणले बीमकहरूको सम्पत्ति तथा दायित्व मूल्याङ्कन गर्न र बीमितहरूको हित संरक्षण गर्न 'जीवन बीमकको बीमाङ्की मूल्याङ्कन सम्बन्धी निर्देशिका, २०७७' संशोधन गरी फ्युचर बोनस सम्बन्धी व्यवस्था थप गरेको छ । निर्देशिका लागू भएको मितिबाट ५ वर्षभित्र फ्यूचर बोनस ५० प्रतिशत पूरा गर्नुपर्ने छ ।

### Own Risk Solvency Assessment Directive, 2023 जारी

नेपाल बीमा प्राधिकरणले "Own Risk Solvency Assessment Directive, 2023" जारी गरी बीमकहरूले आफ्नो जोखिम पहिचान गरी सोको न्यूनीकरण गर्नका लागि Own Risk and Solvency Assessment (ORSA) गर्नुपर्ने व्यवस्था गरेको छ । यस बमोजिम पूँजीको अनुपातमा बीमकले आफ्नो जोखिम धारणा गर्नु पर्दछ ।

### जीवन बीमालेख सम्बन्धी निर्देशिका, २०७९

नेपाल बीमा प्राधिकरणले बीमालेख स्वीकृति प्रक्रियालाई सरलीकृत र व्यवस्थित बनाई एकरूपता कायम गर्नका लागि 'जीवन बीमालेख सम्बन्धी निर्देशिका, २०७९' जारी गरेको छ । मिति २०७९ चैत १९ गते जारी निर्देशिका बमोजिम अब बीमकले बीमालेख तयार गर्नुअघि बजार अनुसन्धान प्रतिवेदन, लाभ–लागत विश्लेषण, जोखिमको पहिचान, आँकलन तथा न्यूनीकरण सम्बन्धी योजना, बजारीकरण योजना र व्यसायिक योजना तयार गर्नुपर्ने छ ।

### सदाचार नीति, २०७९

नेपाल प्राधिकरणले बीमा व्यवसायमा सदाचारयुक्त पद्धतिलाई संस्थागत गर्ने र सदाचारितालाई बीमा व्यवसाय संचालनको अभिन्न अङ्ग बनाउन जोड दिने उद्देश्यले 'सदाचार नीति, २०७९' लागू गरेको छ । सदाचार नीतिमा बीमकका पदाधिकारीहरूले राष्ट्रको हित प्रवर्द्धन हुनेगरी बीमा व्यवसाय संचालन गर्नुपर्ने, व्यवसायिक स्वस्थ प्रतिस्पर्धामा विश्वास गर्ने, व्यवसायिक पारदर्शितालाई बढावा दिने, बीमाशुल्क लगायतका आम्दानीहरु बीमक, बीमित र लगानीकर्ताको हितमा परिचालन गर्ने लगायतका सदाचारका नियमहरु पालना गर्नुपर्ने व्यवस्था गरिएका छन् ।

### बीमा दाबी भुक्तानी मार्गदर्शन (तेस्रो संशोधन), २०७९

नेपाल प्राधिकरणले बीमा दाबी भुक्तानीलाई सहज बनाउन 'बीमा दाबी भुक्तानी मार्गदर्शन (दोस्रो संशोधन), २०७९' जारी गरेको छ । मिति २०७९

माघ १२ गते जारी मार्गदर्शनमा सानो दाबी भुक्तानी न्यूनतम प्रमाणहरु प्राप्त भएको मितिले १५ दिनभित्र फछ्र्यौट गरिसक्नुपर्ने व्यवस्था रहेको छ । मार्गदर्शन बमोजिम निर्जीवन बीमातर्फ रु २ लाखसम्मको दाबी र बाली, पशुपन्छी, कृषि तथा लघुबीमातर्फ रु ५० हजारसम्मको दाबीलाई सानो दाबी मानी यथाशीघ्र दाबी फछ्र्यौट गर्नुपर्ने छ ।

## बीमा मध्यस्थकर्ता (अभिकर्ता) परीक्षा संचालन सम्बन्धी निर्देशिका, २०७९

नेपाल बीमा प्राधिकरणले बीमा ऐन, २०७९ मा भएको व्यवस्था बमोजिम संचालन गरिने बीमा मध्यस्थकर्ता (अभिकर्ता) को परीक्षालाई व्यवस्थित, गुणस्तरीय र नियमित बनाउन 'बीमा मध्यस्थकर्ता परीक्षा संचालन सम्बन्धी निर्देशिका, २०७९' जारी गरेको छ । मिति २०७९ मङ्सीर ७ गते जारी निर्देशिका बमोजिम बीमा मध्यस्थकर्ताहरुको परीक्षा संचालन हुँदै आएको छ ।

## लघुबीमा कम्पनी

नेपाल बीमा प्राधिकरणले बीमा ऐन, २०७९ मा भएको व्यवस्था बमोजिम न्यून आय भएका बर्ग र पिछडिएका क्षेत्रलाई लक्षित गरी लघुबीमा व्यवसाय गर्न हरेक प्रदेशमा एक एकवटा गरी सातवटा लघुबीमा कम्पनी स्थापनाका लागि स्वीकृति दिएको छ । सो बमोजिम दुईवटा लघु जीवन बीमा कम्पनी र चारवटा लघु निर्जीवन बीमा कम्पनी गरी छवटा लघुबीमा कम्पनीहरु स्थापना भई संचालनमा आएका छन् ।

## लघुबीमा निर्देशन, २०७९

नेपाल बीमा प्राधिकरणले लघुबीमा व्यवसायको विकास, प्रवर्द्धन तथा व्यवस्थापन गरी बीमा मार्फत न्यून आय भएका बर्गको जीवन तथा सम्पत्तिको सुरक्षा गर्नका लागि लघुबीमा निर्देशन, २०७९ जारी गरेको छ । मिति २०७९ चैत १३ गने जारी निर्देशनमा लघुबीमा कम्पनीहरुले देशका गरिव, न्यून आय भएका बर्ग, पिछडिएका क्षेत्रका बासिन्दा तथा सीमान्तकृत समुदायलाई लक्षित गरी लघुबीमा व्यवसाय गर्नुपर्ने व्यवस्था गरिएको छ ।

## लघुबीमालेख

नेपाल बीमा प्राधिकरणले लघूबीमा कम्पनीहरुका लागि सम्पत्ति लघुबीमालेखहरु जरी गरेको छ । जसअनुसार, घर लघुबीमालेख, सँधमारी (Burglary) लघुबीमालेख र दुर्घटना लघुबीमालेख रहेका छन् ।

## एक बीमक एक बीमा अभिकर्ता

नेपाल बीमा प्राधिकरणले बीमा ऐन, २०७९ मा भएको 'एक बीमक एक बीमा अभिकर्ता' को व्यवस्था कार्यान्वियनका लागि अनलाइन प्रणाली मार्फत 'एक बीमक एक बीमा अभिकर्ता' व्यवस्थापन गर्ने कार्य हुँदै आएको छ ।

## पशुधन बीमालेख संशोधन

नेपाल बीमा प्राधिकरणले पशुधन बीमालेख संशोधन गरी यही २०८० साल साउन १ गतेदेखि लागू गरेको छ । पशुधनको सामूहिक रुपमा बीमा गर्न मिल्ने प्रावधान रहेको यस पशुधन बीमालेखमा स्थानीय तथा विदेशी नश्लका क्रसब्रिड वा शुद्ध नश्ल जातका गाई, भैंसी, गोरु, राँगा, साँढे, याक, नाक र तीनका बर्णशङ्कर, बाच्छा बाच्छी तथा पाडा पाडीको बीमा गरिने व्यवस्था गरिएको छ ।

## माछा बीमालेख संशोधन

नेपाल बीमा प्राधिकरणले माछा बीमालेख संशोधन गरी यही २०८० साल साउन १ गतेदेखि लागू गरेको छ । माछा बीमालेखमा कानूनले पालनका लागि सिफारिसयोग्य भनिएका माछाको बीमा गर्ने व्यवस्था गरिएको छ । जसअनुसार, एड्भान्स, एकल जातीय, बहुजातीय, फिङ्गरलिङ्ग, फ्राइ जस्ता बिभिन्न जातका माछा पालनको बीमा गर्ने व्यवस्था गरिएको छ ।

## Asian Insurance Meet, 2023

नेपाल बीमा प्राधिकरणको आयोजनामा मिति २०८० साल जेठ २५ देखि २७ गतेसम्म काठमाडौंमा एसियाली बीमा सम्मेलन, २०२३ (Asian Insurance Meet, 2023) सम्पन्न भएको छ ।'Building Resilience of Insurance towards Emerging Risk' मूल विषय रहेको सम्मेलनमा नेपाल लगायत विभिन्न २० देशका बीमा क्षेत्रका नियामक निकायहरुका पदाधिकारीहरु सहित बीमा क्षेत्रसँग सम्बन्धित निकायका पदाधिकारी, बीमा कम्पनी, पुनर्बीमा कम्पनी, लघुबीमा कम्पनी, बीमा सर्भेयर, बीमा अभिकर्ता, बीमाङ्की, बीमा ब्रोकर, बीमा विज्ञ र विभिन्न बीमा सेवा प्रदायक सङ्घ संस्थाका पदाधिकारीहरुको सहभागिता रहेको थियो ।

## लुम्बिनी प्रदेशका स्थानीय तहहरूसँग बीमा सम्बन्धी अन्तर्क्रिया

### बीमा अभिकर्ताले गलत सूचना दिएर जीवन बीमालेख बिक्री गर्ने गरेको गुनासो

नेपाल बीमा प्राधिकरण, लुम्बिनी प्रदेश कार्यालयको आयोजनामा यही २०८० साल असोजमा लुम्बिनी प्रदेशका रूपन्देही जिल्लाको मर्चवारी गाउँपालिका र गुल्मी जिल्लाका रुरुक्षेत्र गाउँपालिका तथा सत्यवती गाउँपालिका र कात्तिक महिनामा अर्घाखाँची जिल्लाका भूमिकास्थान नगरपालिका तथा शितगङ्गा नगरपालिकासँग बीमा सम्बन्धी छलफल एवम् अन्तर्क्रिया कार्यक्रम आयोजना गरिएको छ ।

जसअनुसार, असोज १५ गते **मर्चवारी गाउँपालिका**मा, असोज २६ गते रुरुक्षेत्र गाउँपालिकामा, असोज २७ गते **सत्यवती गाउँपालिका**मा, कात्तिक २० गते **भूमिकास्थान नगरपालिका**मा र कात्तिक २१ गते **शितगङ्गा नगरपषलिका**मा बीमा सम्बन्धी कार्यक्रम आयोजना गरिएको हो ।

ती कार्यक्रमहरूमा नेपाल बीमा प्राधिकरण, लुम्बिनी प्रदेश कार्यालयका प्रमुख पूर्ण बहादुर थापाले बीमाको महत्व, बीमा गर्ने विधि, दाबी प्रक्रिया, बीमा बजारको विद्यमान अवस्था र बीमा क्षेत्रको विकास तथा बीमाको दायरा विस्तारमा स्थानीय तहको भूमिका सम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रमहरूमा सहभागीहरूले बीमा गर्न सजिलो तर दाबी भुक्तानीमा भने जटिलता देखिएको, बालबालिका बीमा कार्यक्रमबाट परिवारलाई राहत मिलेको, बीमा अभिकर्ताले गलत सूचना दिएर जीवन बीमालेख बिक्री गर्ने गरेको, बीमा कम्पनीले कृषि तथा पशुपन्छी बीमा गर्न नमानेको, बीमा कम्पनीका सेवा राम्रो नभएको, कृषकहरूलाई लक्षित गरी बीमा सचेतना कार्यक्रम संचालन गर्नु आवश्यक भएको धारणा राख्नुभएको थियो ।

यसैगरी, लम्पी रोगका कारण मरेका पशुको बीमा दाबी भुक्तानी नपाएको, कृषकहरूलाई FMD Vaccine सम्बन्धी जानकारी नभएको, इञ्जिनीयरिङ्ग बीमामा DLP Period df Loss हुँदा दाबी भुक्तानी नपाएको, लघुबीमाका बारेमा पर्याप्त जानकारी दिनु आवश्यक देखिएको, कोरोना बीमाको दाबी भुक्तानी नपाएको लगायत धारणा समेत सहभागीहरूले राख्नुभएको थियो ।

कार्यक्रममा सम्बन्धित स्थानीय तहका प्रमुख/अध्यक्ष, वडा अध्यक्ष, सदस्य र कर्मचारी, बीमा कम्पनीका प्रतिनिधि र बुद्धिजीविहरूको सहभागिता रहेको थियो ।

## शिक्षक तथा विद्यार्थीहरूसँग बीमा सम्बन्धी अन्तर्क्रिया

### विद्यार्थीहरु मार्फत बीमा सम्बन्धी जानकारी गाउँ गाउँमा विस्तार हुने विश्वास

नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयको आयोजनामा यही २०८० साल असोज २१ गते कर्णाली प्रदेशको जुम्ला जिल्लास्थित कनकासुन्दरी माध्यमिक विद्यालयमा बीमा सम्बन्धी सचेतनामूलक अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा प्रमुख अतिथि कनकासुन्दरी माध्यमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष दिपेन्द्र प्रसाद उपाध्यायले बीमा सम्बन्धी कार्यक्रमको आयोजनाबाट बीमाका बारेमा धेरै कुरा जान्ने अवसर प्राप्त भएको उल्लेख गर्नुहुँदै विद्यार्थीहरु मार्फत बीमा सम्बन्धी जानकारी गाउँ गाउँमा विस्तार हुने विश्वास व्यक्त गर्नुभयो ।

नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयका प्रमुख पदम प्रसाद सोडारीले बीमा सम्बन्धी समग्र विषय समेटिएको प्रशिक्षणात्मक प्रस्तुती गर्नुभएको थियो ।

कनकासुन्दरी माधयमिक विद्यालयका प्रधानाध्यामक लोकेन्द्र प्रसाद उपाध्यायले बीमाको महत्वका बारेमा गाउँघरका सबैलाई जानकारी गराउन विद्यार्थीहरूलाई आग्रह गर्नुभयो ।

कार्यक्रममा कनकासुन्दरी माध्यमिक विद्यालयका शिक्षक, कर्मचारी र विद्यार्थी, अभिभावक, संचारकर्मीहरु लगायतको सहभागिता रहेको थियो ।

## गण्डकी प्रदेशका स्थानीय तहहरूसँग बीमा सम्बन्धी अन्तर्क्रिया

### भौगोलिक अवस्था र रैथाने बालीलाई ध्यानमा राखेर बीमालेख तयार गर्न सुझाव

नेपाल बीमा प्राधिकरण, गण्डकी प्रदेश कार्यालयको आयोजनामा यही २०८० साल असोजमा मुस्ताङ जिल्लाका वारागुङ मुक्तिक्षेत्र र घरपझोङ गाउँपालिकासँग बीमा सम्बन्धी जानकारीमूलक अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

वारागुङ मुक्तिक्षेत्र गाउँपालिकामा असोज २२ गते आयोजित कार्यक्रममा प्रमुख अतिथि वारागुङ मुक्तिक्षेत्र गाउँपालिकामा अध्यक्ष रिङजीन नामगेल गुरूङले बीमा सम्बन्धी जानकारीमूलक कार्यक्रम आयोजना गरी बीमा समग्र विषयमा जानकारी दिएकोमा प्राधिकरणप्रति आभार प्रकट गर्नुभयो ।

कार्यक्रममा सहभागीहरूले नेपाल बीमा प्राधिकरणले कृषिबीमा बाहेक अन्य बीमा व्यवसाय समेत गर्न बीमा कम्पनीहरूलाई तोकेरै निर्देशन दिनुपर्ने, भौगोलिक अवस्था र हिमाली क्षेत्रका रैथाने बालीलाई ध्यानमा राखेर बीमालेख तयार गर्नुपर्ने लगायतका सुझावहरु दिनुभयो । साथै, उहाँहरूले बीमा गरिएका च्याङ्ग्रा, याक र चौंरीहरु हिउँ चितुवाले मार्दा बीमा दाबी भुक्तानी नपाएको र बीमा अभिकर्ताले बीमाको महत्व र फाइदाका बारेमा राम्रोसँग बुझाउने नगरेको गुनासो गर्नुभयो ।

घरपझोङ गाउँपालिकामा असोज २३ गते भएको कार्यक्रममा प्रमुख अतिथि घरपझोङ गाउँपालिकाका अध्यक्ष मोहन सिंह लालचनले हिमाली क्षेत्रका घर माटोको ढलान भएका र छतमाथि दाउरा समेत राख्ने गरिएकाले त्यसको समेत रक्षावरण हुनेगरी घरबीमा गर्न बीमा कम्पनीहरूको ध्यानाकर्षण गराउनुभयो ।

कार्यक्रममा सहभागीहरूले बीमा कम्पनीहरूले भेंडा, च्याङ्ग्राका पाठापाठीको बीमा गर्न नमानेको, भौगोलिक विकटता र अशिक्षाका कारण भेंडा, च्याङ्ग्रा हिउँमा पुरिएर मरेको फोटो खिच्न सम्भव नहुने भएकाले बीमा दाबीका लागि आवश्यक कागजात पूरा गर्न कठिन हुने गरेको, चिनेको व्यक्ति हुँदा बीमा दाबी भुक्तानी पाइने तर नहुँदा बीमा दाबी नपाउने अवस्था रहेको, २५-३० वर्ष पुराना स्याउका बोटलाई बेवास्ता गरी नयाँ स्याउका बोटहरूलाई मात्र बीमालेखमा लक्षित गरिएको, च्याङ्ग्राको बीमाङ्क रकम निकै कम भएको लगायतका गुनासाहरु गर्नुभएको थियो ।

ती कार्यक्रमहरूमा नेपाल बीमा प्राधिकरण, गण्डकी प्रदेश कार्यालयका प्रमुख केशव प्रसाद दाहालले बीमाको महत्व, बीमा गर्ने विधि तथा दाबी भुक्तानी प्रक्रिया, बीमा बजारको विद्यमान अवस्था र बीमा क्षेत्रको विकास एवम् विस्तारमा स्थानीय तहको भूमिका सम्बन्धी प्रस्तुती गर्नुभएको थियो ।

कार्यक्रममा सम्बन्धित स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीहरु, बीमा कम्पनीका प्रतिनिधिहरु लगायतको सहभागिता रहेको थियो ।

## आर्थिक पत्रकारहरुसँग बीमा सम्बन्धी अन्तर्क्रिया

नेपाल बीमा प्राधिकरण, लुम्बिनी प्रदेश कार्यालयको आयोजनामा यही २०८० साल असोज २१ गते रूपन्देही जिल्लाको योगीकुटीमा आर्थिक पत्रकारहरूसँग बीमा सम्बन्धी जानकारीमूलक अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

सञ्चार माध्यम मार्फत बीमा सम्बन्धी जनचेतना अभिवृद्धिमा योगदान पुगोस् भन्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरण, लुम्बिनी प्रदेश कार्यालयका प्रमुख पूर्ण बहादुर थापाले बीमा सम्बन्धी समग्र विषयमा प्रस्तुती गर्नुका साथै आम नागरिकमा बीमा सम्बन्धी जनचेतना अभिवृद्धिका लागि आ-आफ्ना क्षेत्रबाट योगदान पुऱ्याउन आर्थिक पत्रकारहरूसँग आग्रह गर्नुभयो ।

कार्यक्रममा बीमाको महत्व, बीमा बजारको विद्यमान अवस्था, लुम्बिनी प्रदेशमा बीमाको दायरा, बीमा क्षेत्रमा देखिएका समस्या र समाधानका उपाय, बीमा सम्बन्धी जनचेतना अभिवृद्धिमा पत्रकारहरूको भूमिका लगायतका विषयमा छलफल भएको थियो ।

## मधेश प्रदेशका स्थानीय तहहरूसँग बीमा सम्बन्धी अन्तर्क्रिया

### बीमालेख बिक्रीलाई मात्र नभई दाबी भुक्तानीलाई समेत प्राथमिकतामा राख्न बीमकहरुलाई सुझाव

नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यालयको आयोजनामा यही २०८० साल असोजमा मधेश प्रदेशको रौतहट जिल्लाको राजदेवी नगरपालिका र कात्तिकमा सर्लाही जिल्लाको गोडैता नगरपालिका तथा रौतहट जिल्लाको माधव नाराण नगरपालिकासँग बीमा सम्बन्धी अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

राजदेवी नगरपालिकामा असोज २२ गते आयोजित कार्यक्रममा प्रमुख अतिथि राजदेवी नगरपालिकाका प्रमुख भिखारी प्रसाद यादवले बीमाको विकास एवम् पहुँच विस्तार गर्न बीमालाई प्राथमिकताका साथ अगाडि बढाउने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

गोडैता नगरपालिकामा कात्तिक २१ भएको कार्यक्रममा प्रमुख अतिथि गोडैता नगरपालिकाकाको वडा नं. ११ का वडाध्यक्ष विजय प्रसाद यादवले बीमा सम्बन्धी कार्यक्रम आयोजना गरी बीमाको महत्व र फाइदाका विषयमा जानकारी दिएकोमा प्राधिकरणप्रति आभार प्रकट गर्नुभयो ।

माधव नाराण नगरपालिकामा असोज २२ गते आयोजित कार्यक्रममा प्रमुख अतिथि माधव नारायण नगरपालिकाका प्रमुख बैजनाथ प्रसाद यादवले बीमालेख बिक्रीलाई मात्र नभई दाबी भुक्तानीलाई समेत प्राथमिकतामा राख्न बीमा कम्पनीहरूलाई सुझाव दिनुभयो ।

प्रमुख यादवले चालू आर्थिक वर्षको बजेटमा केही रकम रकमान्तर गरी बीमा कार्यक्रमलाई अगाडि बढाउने र आगामी आर्थिक वर्षदेखि बीमा शीर्षकमा नै बजेट विनियोजन गर्ने जानकारी दिनुभयो ।

ती कार्यक्रममा सहभागीहरूले गाई र भैंसीको बीमाङ्क रकम बजार मूल्यभन्दा कम भएको, कोरोना बीमाको दाबी भुक्तानी नपाएको, बीमा कम्पनीहरूले साना साना कुरा देखाएर बीमा दाबी भुक्तानी नदिने गरेको, बीमा अभिकर्ताले बीमाका बारेमा गलत जानकारी दिई बीमा गराउने गरेको, बीमा कम्पनी र बीमा अभिकर्ताका सेवा गुणस्तरीय नभएको, बीमाका बारेमा स्थानीय भाषामा समेत जानकारी दिनु आवश्यक भएको लगायतका धारणा राख्नुभएको थियो ।

कार्यक्रमहरूमा नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यालयका प्रमुख कुसुम शर्माले स्थानीय तहलाई बीमा सम्बन्धी सल्लाह, सुझाव र परामर्श दिन प्राधिकरण तयार रहेको बताउनुभयो ।

कार्यक्रहरूमा सम्बन्धित स्थानीय तहका जनप्रतिनिधि र कर्मचारी, अगुवा कृषक, महिला समूहका पदाधिकारी, बैङ्क तथा वित्तीय संस्थाका प्रतिनिधि र बीमा कम्पनीका शाखा कार्यालयका प्रमुख एवम् प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

## प्रदेश कार्यालयका गतिविधिहरू

### कोशी प्रदेशका स्थानीय तहसँग बीमा सम्बन्धी अन्तर्क्रिया
### गाउँपालिकाको योजनामा बीमालाई समावेश गर्ने प्रतिवद्धता व्यक्त

नेपाल बीमा प्राधिकरण, कोशी प्रदेश कार्यालयको आयोजनामा यही २०८० साल असोज २४ गते कोशी प्रदेशको झापा जिल्लाको गौरीगञ्ज गाउँपालिकासँग बीमा सम्बन्धी जानकारीमूलक अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा प्रमुख अतिथि गौरीगञ्ज गाउँपालिकाका अध्यक्ष फुलबती राजवंशीले गाउँपालिकाको आगामी योजनामा बीमालाई समावेश गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो । साथै, उहाँले बीमा शीर्षकमा विनियोजित बजेटको सदुपयोग गर्दै गाउँपालिकामा बीमाको पहुँच विस्तारमा जोड दिने बताउनुभयो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरण, कोशी प्रदेश कार्यालयका तर्फबाट प्राधिकरणका काम, कर्तव्य र अधिकार, बीमाको परिचय, आवश्यकता र महत्व, बीमा गर्ने विधि, दाबी भुक्तानी प्रक्रिया, बीमाको विकास एवम् विस्तारमा स्थानीय तहको भूमिकाका बारेमा प्रस्तुति गरिएको थियो ।

नेपाल बीमा प्राधिकरण, कोशी प्रदेश कार्यालयका प्रमुख विनोद कुमार पोखरेलको सभापतित्वमा भएको कार्यक्रममा गौरीगञ्ज गाउँपालिकाका जनप्रतिनिधि र कर्मचारीहरु लगायतको सहभागिता रहेको थियो ।

## कर्णाली प्रदेशका स्थानीय तहमा बीमा सम्बन्धी अन्तर्क्रिया

### दाबी भुक्तानी प्रक्रिया झण्झटिलो रहेका कारण कृषिबीमातर्फ आकर्षण बढ्न नसकेको भनाइ

नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयको आयोजनामा यही २०८० साल असोजमा कर्णाली प्रदेशको कालिकोट जिल्लाको खाँडाचक्र नगरपालिका, जुम्ला जिल्लाको कनकासुन्दरी गाउँपालिका र मुगु जिल्लाको खत्याड गाउँपालिकासँग बीमा सम्बन्धी जानकारीमूलक अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

**खाँडाचक्र नगरपालिका**मा असोज १९ गते भएको कार्यक्रममा प्रमुख अतिथि खाँडाचक्र नगरपालिकाका प्रमुख अतिथि खाँडाचक्र नगरपालिकाका उप-प्रमुख गणेश बहादुर शाहीले कार्यक्रमको आयोजनाबाट बीमाका बारेमा धेरै कुरा सिक्ने मौका पाएको उल्लेख गर्नुहुँदे आगामी दिनमा सबै नागरिकलाई बीमामा आवद्ध गर्न प्रयत्न गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

**कनकासुन्दरी गाउँपालिका**मा असोजमा २१ गते आयोजित कार्यक्रममा प्रमुख अतिथि कनकासुन्दरी गाउँपालिकाका अध्यक्ष दामोदर प्रसाद आचार्यले कृषकहरूले कृषिबीमाको आवश्यकता महसूस गरे पनि कृषिबीमाको दाबी भुक्तानी प्रक्रिया झण्झटिलो रहेका कारण कृषिबीमातर्फ कृषकहरूको आकर्षण बढ्न नसकेको बताउनुभयो ।

**खत्याड गाउँपालिका**मा असोज २३ गते भएको कार्यक्रममा प्रमुख अतिथि खत्याड गाउँपालिकाका अध्यक्ष अज बहादुर शाहीले बीमाको विकास एवम् विस्तारका लागि गाउँपालिकाले नीतिगत व्यवस्था गर्ने जानकारी दिनुहुँदै बीमा दाबी भुक्तानीलाई सहज एवम् सरल बनाउन आग्रह गर्नुभयो ।

ती कार्यक्रमहरूमा सहभागीहरूले बीमा दाबी गर्न सदरमुकाममा नै जानुपर्ने बाध्यताका कारण कृषिबीमाप्रति आकर्षण बढ्न नसकेको, स्याउबीमाको दाबी भुक्तानी स्याउ नफलेको अवस्थामा नपाउने गरेको, स्याउका बोटनै नलगाई बीमा गर्ने गरेका कारण बीमाका नैतिक अपराध बढेको, बीमकले स्थलगत अनुगमनविना नै बीमा गर्ने प्रचलन हटाउनु आवश्यक भएको, जीवन बीमा अभिकर्ताले सही सूचना नदिंदा समयमा दाबी भुक्तानी नपाएको, बीमामा हुने अपराध नियन्त्रणका लागि जनप्रतिनिधिहरूले समेत सहयोग गर्नु आवश्यक रहेको लगायतका धारणा राख्नुभएको थियो ।

नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयका प्रमुख पदम प्रसाद सोडारीले बीमा कम्पनीहरूले बीमा गर्न नमानेमा, समयमैं क्षति मूल्याङ्कन नगरेमा, दाबी भुक्तानी नदिएमा र बीमितहरूलाई अनावश्यक दु:ख दिएमा नेपाल बीमा प्राधिकरणलाई जानकारी दिन आग्रह गर्नुभयो ।

कार्यक्रममा सम्बन्धित स्थानीय तहका जनप्रतिनिधि र कर्मचारी, अगुवा किसान, बीमा कम्पनीका प्रतिनिधि, शिक्षक, सहकारीका प्रतिनिधिहरु लगायतको सहभागिता रहेको थियो ।

## सुदूरपश्चिम प्रदेशका स्थानीय तहहरूसँग बीमा सम्बन्धी अन्तर्क्रिया

### जीवन र घर तथा सम्पत्तिको बीमा गर्न प्रोत्साहन गर्न आवश्यक व्यवस्था गर्ने प्रतिवद्धता

नेपाल बीमा प्राधिकरण, सुदूरपश्चिम प्रदेश कार्यालयको आयोजनामा यही २०८० साल कात्तिकमा डँडेलधुरा जिल्लाका परशुराम नगरपालिका तथा आलिताल गाउँपालिका र डोटी जिल्लाको जोरायल गाउँपालिकासँग बीमा सम्बन्धी अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

परशुराम नगरपालिकामा कात्तिक १४ गते आयोजित कार्यक्रममा प्रमुख अतिथि परशुराम नगरपालिकाका प्रमुख भरत जोशीले नगरवासीलाई जीवन र घर तथा सम्पत्तिको बीमा गर्न प्रोत्साहन गर्नका लागि नगरपालिकाले आवश्यक व्यवस्था गर्ने बताउनुभयो ।

आलिताल गाउँपालिकामा कात्तिक १५ गते भएको कार्यक्रममा प्रमुख अतिथि आलिताल गाउँपालिकाका अध्यक्ष शेर सिंह पार्कीले कृषिबीमाका बारेमा पर्याप्त जानकारी नपाएका कारण कृषिबीमाबाट कृषकहरूले लाभ प्राप्त गर्न नसकेको उल्लेख गर्नुहुँदै बीमा सम्बन्धी सचेतनामूलक कार्यक्रम गाउँ गाउँमा आयोजना गर्नुपर्ने बताउनुभयो ।

जोरायल गाउँपालिकामा कात्तिक १६ गते आयोजित कार्यक्रममा प्रमुख अतिथि जोरायल गाउँपालिकाका अध्यक्ष दुर्गादत्त ओझाले कृषिबीमालाई प्रभावकारीरूपले अगाडि बढाउनका लागि गाउँपालिकाको कृषि तथा पशु सेवा शाखाले सहजीकरण गर्ने जानकारी दिनुभयो ।

ती कार्यक्रमहरूमा सहभागीहरूले बीमा दाबी भुक्तानी समयमा नै पाउनुपर्ने, बीमा अभिकर्तालाई तालिम दिएर भए पनि बीमाका बारेमा सही जानकारी दिने व्यवस्था गर्नुपर्ने, कृषिबीमा गर्नबाट बीमा कम्पनीहरु पन्छिन नहुने लगायतका धारणा राख्नुभएको थियो ।

ती कार्यक्रममा नेपाल बीमा प्राधिकरण, सुदूरपश्चिम प्रदेश कार्यालयका प्रमुख हृदयश्वर पण्डितले नागरिकको जीवन तथा सपत्तिको बीमा मार्फत सुरक्षण गर्नका लागि स्थानीय सरकारले तर्जुमा गर्नसक्ने बीमा सम्बन्धी नीतिको मोडालिटी सम्बन्धी प्रस्तुती गर्नुभएको थियो ।

कार्यक्रमहरूमा सम्बन्धित स्थानीय तहका जनप्रतिनिधि र कर्मचारी, सहकारी संस्थाका सदस्य, अगुवा कृषक, उद्योग वाणिज्य सङ्घका प्रतिनिधि र संचारकर्मीहरु लगायतको सहभागिता रहेको थियो ।

# अन्तर्राष्ट्रिय समाचार

## Regional forum on strengthening the enabling environment for disaster and pandemic risk financing: Options for Enhancing financial resilience

The event was held in Thailand on 19th and 20th September 2023, attended by delegates from different jurisdictions. The forum shared the findings and recommendations of the country diagnostics with a broader audience at a regional forum, thus facilitating cross-country learning and dialogue and providing an enhanced understanding of opportunities to strengthen the financial management of disaster and pandemic risk in a larger group of countries. Experts also shared innovative disaster risk financing solutions and international experiences. Participants were drawn from relevant government agencies, including finance ministries, national disaster risk management agencies, and insurance regulators in disaster-prone developing member countries (DMCs).




Disaster and pandemic risk pose a serious threat to inclusive, sustainable socio-economic development in Asia and the Pacific, requiring urgent action to reduce disaster risk and enhance the management of residual risk. As part of its program of work to address this issue, the Asian Development Bank (ADB) is working on a range of initiatives to improve the availability of timely financing for post-disaster and pandemic response in its DMCs, covering both sovereign and non-sovereign disaster risk financing solutions. These initiatives are intended to speed post-disaster and pandemic recovery and reconstruction, thereby limiting the socioeconomic consequences of direct physical damage.

The initiatives included a regional technical assistance (TA) project focusing on the enabling environment for disaster risk financing (DRF) and pandemic financing. Using a common diagnostic methodology used in Phase 1 of this TA, the project has supported a series of country diagnostics in Cambodia, Kyrgyz Republic, Pakistan (pandemic), and the Philippines to explore the current application of DRF solutions and related demand and supply constraints. The project has focused on the opportunities and scope for expanding the penetration of disaster and health insurance and insurance-linked securities, which to date remain significantly underutilized in many of ADB's DMCs, as well as covering public financial management solutions.

## The 8th China insurance-ASEAN summit forum on insurance corporation and development

The event was organized by The National Financial Regulatory Administration (NFRA) and China Banking and Insurance Regulatory Commission at Nanning, China on 20th and 21st September 2023, attended by 150 delegates from 51 different jurisdictions. Deputy Secretary General Zhao Xianfeng attended the 8th China-ASEAN Summit Forum on Insurance Cooperation and Development in Nanning, Guangxi, and exchanged views with representatives of insurance institutions and some regulatory authorities from ASEAN countries and regions to introduce Asian Financial Cooperation Association. The theme of this forum is "Building a New Pattern of China-ASEAN Insurance Sector Opening-up and Cooperation".




The Opening Remarks was delivered from the People's Government of Guangxi Zhuang Autonomous Region and the National Financial Regulatory Administration were presented at the Summit and During the program the National Financial Regulatory Administration (NFRA) focused on the topic of "Building a New Pattern of China-ASEAN Insurance Sector Opening-up and Cooperation". Key note speech was presented from Hongkong Insurance Authority, Office of Insurance

Commission Thailand, and Regional Financial Regulatory Bureau of Guangxi Zhuang Autonomous Region presented on Policies and Achievements in Promoting the Development of Insurance Industry in Guangxi.

In addition, the signing ceremony for the China-ASEAN Insurance Sector Opening-up and Cooperation between various ASEAN countries for the coming year was also held. Various presentations on Insurance Regulatory Reform and Market Developments of various countries were presented by Hong Kong, Indonesia, Laos, Cambodia, Thailand, Kazakhstan, Korea and Nepal as well.

The International Department of the National Financial Regulatory Agency and the Hong Kong Insurance Authority, the Chair of the Asian Forum of Insurance Regulators, the International Association of Insurance Supervisors (IAIS) and other organizations expressed a welcome speech through virtual means. In addition, an overview of China's Solvency Regulation Regime was presented by NFRA.

The China Academy of Information and Communications Technology presented on International Cooperation on Cross Border Data Flow under RCEP. Similarly, PICC Property and Casualty Company Ltd. Presented contents regarding Development of Green Insurance Products in China and event concluded with a field visit to Taikang Community GUI Garden.

## The 6th Asia- Pacific High-Level Meeting on Insurance Supervision and 2023 Asian Forum of Insurance Regulators (AFIR) 18th Annual Meeting and Conference (AMC)

The 18th Annual Meeting and Conference (AMC) of the Asian Forum of Insurance Regulators (AFIR) was held in Malaysia from 10 to 11 October 2023, attended by about 70 delegates affiliated with 14 member jurisdictions i.e. Australia, China, Chinese Taipei, Dubai International Financial Centre, Hong Kong, India, Japan, Korea, Macao, Malaysia, Maldives, Nepal, Singapore, Thailand and also other 8 additional jurisdictions.

"Diversity is our strength as each member jurisdiction has its unique social demands and market landscape, yet we are exposed to the same set of emerging trends. Against the backdrop of a volatile macroeconomic environment, the AMC this year will revolve around the highly pertinent theme of coping effectively with emerging risks for resilient and robust insurance supervision," said Mr. Clement Cheung, Chairman of the AFIR and Chief Executive Officer of the Insurance Authority when delivering his opening remarks.




The Bank Negara Malaysia, the International Association of Insurance Supervisors, the Access to Insurance Initiative, the Organization for Economic Co-operation and Development, the European Insurance and Occupational Pensions Authority, the Asian Development Bank and the Global Asia Insurance Partnership fielded experts to speak on a diverse range of topics that include prospects and opportunities, emerging technologies and innovations, flood risks and rising sea levels, open insurance, climate change and nature risks, mortality and pandemic protection gaps, as well as public and private collaboration.

Furthermore, Mr. Peter Kohlhagen of the Australian Prudential Regulation Authority was elected at the General Meeting as the new Chairman of AFIR for a term of two years until 2025. Members conveyed deep gratitude to Mr. Cheung, the outgoing Chair, for his strong leadership and unwavering commitment over the past five years. On the event it was announced that next year Nepal is having opportunity to organize the next event.

Established since 2006, AFIR is a multilateral platform designed to facilitate information exchange, knowledge dissemination and capacity building among insurance regulators in the Asia Pacific region.

## International Conference on Inclusive Insurance (ICII) 2023



The inclusive insurance sector has experienced persistent growth in client outreach and premium volumes over the past ten years. New technologies are boosting market coverage. Nonetheless, many people living at the bottom of the pyramid are still without cover or alternative risk management options. Climate change will make the situation worse. With the global middle class expected to grow to nearly five billion within two decades, we are looking at billions of people who are without a formal safety net from insurance and hence at risk of falling (back) into poverty.

In collaboration with Insurance Associations and other partners such as the Microinsurance Network, the Munich Re Foundation organized the International Conference on Inclusive Insurance (ICII). The conference which took place for the first time in 2005 was called the International Microinsurance Conference until 2018. At the conferences, experts from around the world representing NGOs, development-aid organizations, regulation, supervision and policy experts as well as the insurance industry meet to exchange experiences and discuss the challenges involved in extending risk management solutions based on insurance principles to low-income households and MSMEs.

The mission of the ICII is to provide a non-profit platform for all stakeholders to present and discuss issues, policies and state-of-the-art solutions for efficient, sustainable and inclusive insurance products;

- Promote the development and proliferation of good-value insurance for emerging economies;
- Raise awareness of the demand for insurance in the low-income segment and its potential;
- provide opportunities for insurance and development experts to progressively develop shared visions and create new partnerships.

**The panel Discussion covered followings:**

- The main challenges facing health insurance in LMICs, as well as the necessary public-private partnerships and strategies required to scale and finance health insurance programs sustainably for low-income and vulnerable groups.
- Provide practical examples of how digital innovations can be leveraged by all parties in a partnership to offer comprehensive and efficient health insurance products, strengthen health systems, and contribute to achieving UHC in LMICs.
- Explore the potential risks of technology in health, related to privacy and protection, interoperability, local capacity, and gender divide in access to mobile technology services.

During the Closing Ceremony of ICII 2023, the Acting Commissioner of the National Insurance Commission (NIC) in Ghana, the Chair of the Board of the Microinsurance Network, and the Vice Chair of the Munich Re Foundation delivered their closing remarks. Additionally, Pujan Dhungel Adhikari, the Director of the Nepal Insurance Authority, made an exciting announcement about the upcoming ICII 2024 conference, which will take place in Nepal. To encourage participants, we showcased a brief video highlighting the beauty of Nepal and extended a warm invitation to join us in Nepal for the next conference.



## 2023 IAIS Annual Conference

*The 2023 IAIS Annual Conference took place in Tokyo, Japan on 9-10 November 2023. More than 400 participants from 100 jurisdictions joined the conference.*

With the theme "Mind the gap: the role of supervisors in making the global insurance sector more inclusive" the Annual Conference provided an opportunity for updates on the delivery of the IAIS' Roadmap and plans for the Association's future work. It included engaging speakers and panels complemented by five roundtables allowing for in-depth discussion on key insurance supervision topics.

The Prime Minister shared his belief that "tackling the myriad of social challenges and generating sustainable growth require unlocking the fundamental strength of finances – and that insurance is a strategic tool with a unique role to support better lives".

He also highlighted the importance of ongoing collaborative work between the public and private sectors. He concluded by stating his enthusiasm and support for Japan's continued and expanding involvement in IAIS activities.

Suzuki Shunichi, Minister of State for Financial Services, then shared that the Japanese government is putting in place various initiatives to strengthen the financial system. In particular, Japan is addressing social challenges – such as those arising from climate change, digitalization, declining population and ageing population and increasing geopolitical risks – while continuing to promote economic growth and stability. He reiterated Japan's support for the IAIS Annual Conference and the timeliness of such an event, bringing together experts to exchange knowledge and experiences over the coming two days.

It was a great honor for the IAIS to welcome such distinguished speakers to kick off the Annual Conference in Tokyo. The Town Hall began with a fond farewell to immediate past Executive Committee Chair, Vicky Saporta.

The newly appointed ExCo Chair, Shigeru Ariizumi, Vice Minister for International Affairs of the Financial Services Agency (FSA) of Japan, then shared with participants his reflections on the important work ahead to finalize the Insurance Capital Standard (ICS), the societal role of supervisors in addressing protection gaps, and the development of the 2025-29 Strategic Plan with a strong focus on implementation and capacity building following an intensive period of standard setting work.

The ExCo also touched on IAIS implementation assessment activities, including progress monitoring of the Holistic Framework supervisory material, peer review on ICP 16 (Enterprise Risk Management for Solvency Purposes) and the upcoming member assessment programme (MAP) on the Sultanate of Oman.

The session closed with an exchange with the audience, focusing on the role of supervisors in addressing protection gaps and promoting adaptation and risk mitigation, coordination across jurisdictional initiatives to address emerging risks, how insurers relate to and differ from other financial institutions, and efforts towards actuarial capacity building for implementing risk-based capital regimes.

A key highlight of the Q and A session was a reflection of the immediate past ExCo Chair Vicky Saporta on lessons learnt during her term as IAIS ExCo Chair, with emphasis on the critical importance of recognising the inclusive nature of the IAIS and the value it brings to all markets and gets from its members.

In conclusion, Ms. Honda raised three questions to set the scene for the rest of the day:

How can insurance data best be used to assess the current and future impact of climate change?

Is some insurance a public good and should there be a minimum protection for the most vulnerable?

What can be done to better educate consumers on the benefits of insurance in climate risk mitigation?

Dixon highlighted the special honor of having the Prime Minister of Japan and the Minister




of State for Financial Services share welcoming remarks for the conference.

"Their attendance is recognition of the important role the insurance sector has to play in confronting today's societal challenges – and the significant role of the IAIS, and forums like this, in coming together to address global challenges."

He summarised the key messages from Prime Minister Kishida, which were further emphasised throughout the two-day programme:

Tackling societal challenges and generating sustainable growth require us to unlock the fundamental strengths of insurance.

The role of insurance in addressing various societal challenges will continue to grow. For insurance to fully perform its roles, it is critical that insurers maintain their financial soundness – supported by sophisticated governance and risk management, and the trust of consumers – and accordingly, effective regulation and supervision is critical.

It is also becoming increasingly important that the public and private sectors take collective action to address societal challenges, including climate change and natural disasters.

To tackle these common challenges, supervisors around the world need to find global solutions collectively and collaboratively – which is precisely the focus of the IAIS.